# महत्वपूर्ण कुराहरूबारे प्रश्न उत्तर

(नेपाली)


## लेखक

शैख अब्दुर्रहमान बिन नासिर अस्सअदी

अनुवादक

अतीकुर्रहमान मु. इदरीस खान मक्की

# سؤال وجواب في أهم المهمات

الشيخ عبد الرحمن بن ناصر السعدي

رحمه الله عليه

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रक्कथन

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो। र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन। र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन्। तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन्।

प्रस्तुत पुस्तकमा शैख अब्दुर्रहमा बिन नासिर अस्सअ्दी ज्यूले इस्लाम धर्म सम्बन्धि प्रमुख कुराहरूलाई प्रश्न उत्तरको शैलीमा वर्णन गरेका छन् जसको ज्ञान प्रत्येक मुसलमानहरूलाई अति आवश्यक छ, यसै कारण मैले यस किताबलाई नेपाली भाषामा अनुवाद गरेको छु कि हाम्रा नेपाली भाषी मुसलमानहरू पनि ती महत्वपूर्ण कुराहरूको ज्ञानबाट वंचित नरहुन्, बरु त्यसको ज्ञान ग्रहण गरी अरुलाई पनि यसबाट लाभान्वित गराउन्, र सकेसम्म मैले सरल भाषा र शब्दको प्रयोग गरेको छु ताकि जनसाधारणलाई पनि बुझ्नुमा कुनै दिक्क नहोस्। त मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक क्रियाकलापबाट पवित्र गरी वैधानिक र शान्ति समृद्धिको

मार्गमा लगाउने छ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू त्यस अल्लाहकै लागि छन् जसको लागि राम्रा राम्रा नामहरू र परिपूर्ण विशेषताहरू छन्, र परिपूर्ण र सबैलाई समाविष्ट गर्ने अनुकम्पाहरू छन् । र म अल्लाहको प्रशान्ति पठाउँछु मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँलाई संसारिक र परलौकिक कुराहरूको शुद्धीकरण गर्नुको लागि दूतत्व प्रदान गरी पठाइयो ।

तत्पश्चात: यो अति संक्षिप्त लेख हो, जसमा मैले धर्म र आस्थाका प्रमुख कुरा र समस्याहरूलाई प्रश्न र उत्तरको शैलीमा संग्रहित गरेको छु, जसको ज्ञानको आवश्यकता सबैलाई पर्दै रहन्छ, र प्रश्न उत्तरको शैलीमा एकत्रित गर्ने कारण यो हो कि यसो गर्नाले यसलाई बुझ्नुमा अति सजिलो हुन्छ, र पाठपाठनको लागि पनि अति उपयुक्त र उपयोगी र उत्तम हुन्छ ।

**लेखक:**
**अब्दुर्रहमान बिन नासिर अस्सअ्दी**

प्रश्नः १- तौहीद (एकेश्वरवाद) को परिभाषा के हो ? र यसका कति थरीहरू छन् ?

उत्तरः १- तौहीदको परिपूर्ण परिभाषा जुन त्यसका समस्त थरीहरूलाई पनि समावेश गरोस् यो हो : भक्तको यो ज्ञान र विश्वास एवं आस्था कि प्रतिपालक एकलै छ आफ्नो समस्त विशेषताको साथ, र भक्तको यो आस्था कि नत त्यसको कुनै सहभागी र साझीदार छ नत त्यस जस्तो नै कोही छ अर्थात त्यसको कोही समकक्षी पनि छैन त्यसको परिपूर्ण हुनुमा, र त्यो नै समस्त सृष्टिहरूको वास्तविक पूज्य हो, र त्यो नै सत्य उपास्य हो, अनि त्यसलाई समस्त पूजाका थरीहरूमा एक मान्नु । त यस परिभाषामा एकेश्वरवादका तीनवटै थरीहरू समावेश भए जुन निम्न हुन्:

**पहिलोः** तौहीदे रुबीबियत (स्वामित्वको एकेश्वरवाद) र यो हो कि : भक्त यस कुरालाई स्वीकार गरोस् कि यो प्रतिपालक एकलै सृष्टि गर्छ, जीविका प्रदान गर्छ, र त्यो एकलै नै समस्त कुराको प्रचालक हो र एकलै सबैको संयोजक हो ।

**दोस्रोः** तौहीदुल असमा वस्सिफात (अल्लाहलाई त्यसको नाम र विशेषताहरूमा एक मान्नु), र यसको अर्थ हो किः अल्लाहको लागि ती समस्त राम्रा राम्रा नाम र परिपूर्ण विशेषताहरू साबित गर्नु जसलाई अल्लाहले आफ्नो लागि वर्णन गरेको छ वा त्यसको लागि त्यसको सन्देष्टाले वर्णन गरेका छन् बिना कुनै थपघट र विकार एवं बिना कुनै अनुरूपता र कमी वृद्धि ।

**तेस्रोः** तौहीदुल् इबादह (पूजाको एकेश्वरवाद) र यसको अर्थ होः समस्त पूजाका थरीहरूलाई मात्र अल्लाहको लागि विशिष्ट गर्नु, र त्यसलाई पूर्ण निष्ठाको साथ शुद्ध नीयतले मात्र अल्लाहको निकट्ता प्राप्तिको लागि बिना साझीदार ठहराई कार्यन्वयनमा ल्याउनु ।

त कुनै पनि मान्छे जबसम्म उपरोक्तका तीनवटै एकेश्वरवादका थरीहरूलाई पूर्णतया कार्यन्वयनमा ल्याउँदैन तबसम्म एकेश्वरवादी हुँदैन ।

प्रश्नः २- ईमान (आस्था) र इस्लाम के हो ? र यिनका आधारहरू के के हुन् ?

उत्तरः २- ईमानको अर्थ होः ती समस्त कुराहरूमाथि दृढ विश्वास राख्नु र त्यसलाई स्वीकार गर्नु, जसको आदेश अल्लाह र अल्लाहका रसूलले दिएका छन्, र यस विश्वास र स्वीकृतिको साथ त्यसै बमोजिम कार्य गर्नुलाई नै इस्लाम भनिन्छ, किनकि इस्लामको अर्थ होः अल्लाह समक्ष नतमस्तक हुनु र त्यसले भनेको कुराको पालना गर्नु ।

र यी दुवैका आधारहरू त्यही हुन् जसलाई यो श्लोक आफूभित्र समावेश गरेको छ :

﴿ قُولُوٓاْ ءَامَنَّا بِٱللَّهِ وَمَآ أُنزِلَ إِلَيۡنَا وَمَآ أُنزِلَ إِلَىٰٓ إِبۡرَٰهِـۧمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَمَآ أُوتِيَ مُوسَىٰ وَعِيسَىٰ وَمَآ أُوتِيَ ٱلنَّبِيُّونَ مِن رَّبِّهِمۡ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّنۡهُمۡ وَنَحۡنُ لَهُۥ مُسۡلِمُونَ ١٣٦ ﴾ البقرة: ١٣٦

अर्थ : हे मुस्लिमहरू ! तिमीहरू सबैले भनिदेऊ कि हामी अल्लाहमाथि, र जुन किताब हामीतिर उतरियो, र जुन (ग्रन्थहरू) इब्राहीम, इस्माईल, इस्हाक़, यअ्क़ूब र उनका सन्ततिहरूलाई प्रदान गरियो, तिनीमाथि र जुन मूसा र ईसालाई प्रदान गरियो र जुन अन्य पैगम्बरहरूलाई तिनका पालनकर्ताबाट प्रदान गरिए, तिनीमाथि सम्पूर्ण आस्था राख्दछौं । हामीले ती पैगम्वहरूमा कुनै भेदभाव गर्दैनौं र हामी उही एक अल्लाहका आदेश पालन गर्नेहरू हौं । ( सूरतुल् बकरः १३६ )

र जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले हदीसे कुद्सीमा र त्यस बाहेक अरु हदीसहरूमा स्पष्टीकरण र व्याख्या गरेका छन्, उहाँको भनाई छः

" الإيمان أن تؤمن بالله وملائكته وكتبه ورسله واليوم الآخر والقدر خيره وشره, والإسلام أن تشهد أن لا إله إلا الله وأن محمدا رسول الله, وتقيم الصلاة, وتؤتي الزكاة, وتصوم رمضان, وتحج البيت "

अर्थ : ईमान यो हो कि तिमी अल्लाहमाथि आस्था राख, र आस्था राख त्यसका फरिशताहरूमाथि, र त्यसका ग्रन्थहरू र सन्देष्टाहरूमाथि, र अन्तिम दिनमाथि, र भाग्य र त्यसको भलाई र बुराईमाथि । र इस्लाम यो कि तिमी यो गवाही देऊ कि अल्लाह बाहेक केही सत्य

पूज्य छैन, र यो गवाही देऊ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, र नमाज कायम गर, र धर्मदाय (जकात) दिदै गर, र रमजान महिनाको व्रत बस, र बैतुल्लाहको परिक्रमा (यात्रा) गर ।

त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आस्थालाई हृदयको सिद्धान्तद्वारा व्याख्या गर्नु भयो, र इस्लामलाई जाहेरी विधान र निर्देशनहरूलाई कार्यन्वयनमा ल्याउनुद्वारा व्याख्या गर्नु भयो ।

प्रश्नः ३- अल्लाहका नाम र विशेषताहरूमाथि आस्था राख्नुका आधारहरू के के हुन् ?

उत्तरः ३- यसका आधारहरू तीन छन्ः अल्लाहका समस्त राम्रा राम्रा नामहरूमाथि आस्था राख्नु, र यी नामहरू जति विशेषताहरूलाई प्रमाणित गर्छन त्यसमाथि पनि आस्था राख्नु, र विशेषताका समस्त प्रभाव र त्यससित संलग्न समस्त तथ्यहरूमाथि पनि आस्था राख्नु । तसर्थ हामी यो आस्था राख्दछौं कि त्यो अल्लाह परम् ज्ञानी छ, त्यसको ज्ञान परिपूर्ण छ जुन समस्त कुरालाई आफ्नो घेरामा लिएको छ, र त्यो सर्वशक्तिमान छ त्यसको शक्ति विशाल छ, त्यो समस्त कुराहरूमाथि शक्ति सम्पन्न छ, र त्यो दयावान छ, त्यसको दया सबैलाई त्यसको दयालुताको रसास्वादन गराउँछ, र त्यो जसमाथि चाहन्छ दया दृष्टि गर्छ । र यस्तै अवस्था त्यसका समस्त नाम र विशेषता र त्यससित संलगन समस्त कुराहरूको छ ।

प्रश्नः ४- तपाईको यस कुरामा के विचार छ कि अल्लाह आफ्नो सृष्टिहरूमाथि उच्च छ र आफ्नो सिंहासनमाथि उच्च छ ?

उत्तरः ४- हामीलाई थाहा छ कि हाम्रो प्रतिपालक हामीमाथि उच्च छ उच्चताका समस्त अर्थहरूको साथ, त्यो उच्च छ अस्तित्वद्वारा, महानता र प्रतापद्वारा, आफ्नो विशेषता र वर्चस्वद्वारा, र त्यो आफ्नो सृष्टिबाट भिन्न र निस्पृह छ, त्यो त्यस्तै उच्च छ जसरी त्यसले आफ्नो लागि वर्णन गरेको छ, र त्यसको उच्च हुने कुराको अवस्था र कैफियत त्यसैलाई राम्ररी ज्ञान छ तर हामीलाई त्यसको उच्च हुने अवस्था र कैफियत थाहा छैन, त्यो कैफियत हामीहरूको लागि अज्ञात छ । त यस्तै कुरा हामी त्यस अल्लाहका समस्त विशेषताको बारेमा

भन्छौं र मान्दछौं किनकि त्यसले हामीलाई त्यसको बारेमा त खबर दिएको छ यसको अवस्था र कैफियतको बारेमा खबर दिएको छैन ।

त हाम्रो यो कर्तव्य छ कि हामी ती समस्तमाथि विश्वास गरेर समस्त माथि आस्था राखौं जसको बारेमा त्यसले हामीलाई आफ्नो ग्रन्थ मार्फत खबर दिएको छ वा त्यसबारे त्यसको सन्देष्टाले खबर दिएका छन्, त नत त्यसमा हामी कुनै प्रकारको थपघट गरौं नत कमी वृद्धि ।

प्रश्नः ५- तपाईहरूको अल्लाहको कृपा र त्यसको संसारीय आकशमाथि अवतरित हुनु र यसजस्ता अरु कुरा र विशेषताहरूको बारेमा के विचार छ ?

उत्तरः ५- हामी विश्वास राख्दछौं र स्वीकार पनि गर्दछौं ती समस्त विशेषताहरूमाथि जुन अल्लाहले आफ्नो लागि विशिष्ट गरेका छन् जसरी दया कृपा, राजी हुनु, झर्नु अवतरित हुनु ... आदि विशेषताहरूमाथि, र ती विशेषताहरूमाथि पनि विश्वास राख्दछौं जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले वर्णन गरेका छन् यस आस्थाको साथ कि यी समस्त विशेषताहरूमा समस्त सृष्टिहरू त्यस जस्तो छैनन् किनकि त्यस जस्तो कोही पनि छैन, त जसरी त्यसको अस्तित्व जस्तो कसैको अस्तित्व छैन उस्तै त्यसका विशेषताहरू जस्तो कसैको विशेषता पनि छैन । र यसको प्रमाण ती समस्त विशाल विवरणहरू हुन् जुन पवित्र कुरआन र हदीसहरूमा वर्णित छन् त्यसको महानता र परिपूर्णतालाई प्रमाणित गर्नुमाथि, र जुन वर्णित छन् त्यसलाई अरुभन्दा भिन्न र विचित्र प्रमाणित गर्नुमाथि कि त्यस जस्तो कोही पनि छैन नत त्यसको कुनै समकक्षी छ नत त्यसको कोही साझीदार ।

प्रश्नः ६- तपाईको के विचार छ पवित्र कुरआन र अल्लाहको वाणीको बारेमा ?

उत्तरः ६- हामी मान्दछौं कि पवित्र कुरआन अल्लाहको वाणी हो जसलाई अल्लाहले अवतरित गरेका छन्, र त्यो सृष्टि मध्येको होइन, र यो त्यसैद्वारा आरम्भ गरिएको छ र त्यसैतर्फ फर्कनेछ, र अल्लाहले त्यसका शब्द र आर्थ सहीत कुरा र वार्तालाप गरेको छ, र त्यो वर्तमान

र भविष्यमा पनि जब चाहन्छ कुरा गरिबक्सन्छ, र त्यसको वाणी र पवित्र कुराको कुनै सीमा र अन्त्य छैनन् त त्यो सिद्धिन्छ ।

प्रश्नः ७- आस्था के हो ? र के त्यसमा कमी वृद्धि पनि हुन्छ ?

उत्तरः ७- आस्था (ईमान) हृदयको सिद्धान्त र क्रियाकलापद्वारा र अंगद्वारा त्यसको प्रदर्शन र जिब्रोबाट त्यसको उच्चारणको नाम हो । तसर्थ धर्मका समस्त आधार र त्यससित संलग्न समस्त कुराहरू ईमानको अर्थमा शम्मिलित छन्, त यसलेगर्दा यो प्रष्ट हुन्छ कि आस्था दृढताको बल र शक्तिद्वारा बढछ र सुकार्यद्वारा र राम्रा राम्रा कार्यद्वारा पनि त्यसमा वृद्धि हुन्छ, र यस विरुद्ध अवस्थामा घटछ, अर्थात कुकर्म गरेमा ईमान घटिहाल्छ ।

प्रश्नः ८- धार्मिक मान्छेको कुकर्मको के हुकुम छ ?

उत्तरः ८- जुन व्यक्ति आस्थावान र एकेश्वरवादी हुनुको साथै कुकर्मी पनि छ र त्यसमा निरन्तरताले कार्यरत पनि छ भने त्यो आस्थावान पनि मानिन्छ जुन त्यससित ईमान र आस्था छ त्यसको कारण, र त्यो कुकर्मी पनि ठहर हुन्छ आफ्ना कुकर्महरूको कारण र ईमानका अनिवार्य कार्यहरूलाई त्याग्नुको कारण । त यस्तो मान्छे दुर्वल ईमानवाला हो, त्यो शुभसमाचारको पात्र पनि छ आफ्नो आस्थाको कारण, र दण्डनीय पनि छ आफ्नो कुकर्मको कारण । र यी सबै कुराहरूको साथै त्यो सदैंवको लागि नर्कमा जाँदैन किनकि निःस्वार्थ र पूर्ण आस्था जसरी मान्छेलाई नर्कमा जानुबाट रोक्दछ उस्तै अपूर्ण ईमान मान्छेलाई सदैंवको लागि नर्कमा जानुबाट रोक्दछ वर्जित गर्दछ ।

प्रश्नः ९- आस्थावानहरूका कति श्रेणीहरू छन् ? र ती के के हुन् ?

उत्तरः ९- आस्थावानका तीन श्रेणीहरू छन् भलाईतर्फ तीव्रता र अग्रसरता देखाउनेहरू, र यी ती मानिसहरू हुन् जुन अनिवार्य कार्यहरूको साथ सुन्नत र नफिली कार्यहरू पनि गर्दछन्, र हराम ( वर्जित) कार्यहरूको साथै अनुचित (अप्रिय) कार्यहरूलाई पनि त्यागिदिन्छन् ।

र आर्को थरी र श्रेणी हो ती मानिसहरूको जुन मात्र अनिवार्य कार्यलाई गर्छन् र वर्जित कार्यलाई त्यागदछन् ।

र आर्को श्रेणी हो, आफूमाथि अत्याचार गर्नेहरू जुन सुकर्मको साथै कुकर्म पनि गर्छन् ।

प्रश्नः १०- भक्तहरूका कर्महरूको के हुकुम छ ?

उत्तरः १०- भक्तहरूका समस्त सुकार्य र कुकर्म अल्लाहले निर्धारित गरेको भाग्य र कर्ममा नै शम्मिलित छन्, तर भक्तहरू त्यसलाई गर्नुमा स्वतन्त्र छन्, ती कार्यहरूलाई गर्नुमाथि अल्लाहले उनीहरूलाई बाधित गरेको छैन, र त्यो तिनीहरूको चाहना र शक्ति अनुसार नै घटित हुन्छ । तसर्थ यी कर्महरू वास्तवमा उनीहरूका कर्म हुन् जसको उनीहरूलाई उपदेश गरिएको छ र जसलाई गरे पश्चात उनीलाई पुरस्कृत अथवा दण्डित गरिन्छ, र यी कर्महरू वास्तवमा अल्लाहका सृष्टिहरू मध्येको सृष्टि हुन् किनकि अल्लाहले भक्तलाई र तिनका शक्ति एवं चाहनालाई पनि सृष्टि गरेको छ, र ती समस्त कार्यहरूलाई पनि जुन तिनीहरूद्वारा गरिन्छ ।

त हामी कुरआन र हदीसका ती समस्त निर्देशनहरूमाथि आस्था राख्दछौं जुन यो स्पष्टीकरण गर्छन् कि समस्त कार्य र क्रियाकलाप, अवस्था र दशाहरू अल्लाहका सृष्टि र त्यसले निर्धारित गरेको भाग्य मध्येका हुन्, र सबै त्यसको सामर्थ्यको सीमाभित्र आउँछन्, जसरी हामी आस्था राख्दछौं कुरआन र हदीसका ती समस्त निर्देशनहरूमाथि जुन यो प्रमाणित गर्छन् कि सुकर्म र कुकर्म भक्तहरू नै गर्छन्, र उनीहरू यसलाई गर्नुमा स्वतन्त्र छन् । यसर्थ अल्लाह नै तिनीहरूका शक्ति र क्षमताको स्रष्टा हो, र यी दुवै नै तिनीहरूका क्रियाकलापका मूल स्रोत र माध्यम हुन्, तसर्थ माध्यमलाई उत्पन्न गर्नेवाला नै माध्यम अपनाउनेवालाको पनि स्रष्टा हो, र अल्लाह महान र उच्च एवं पवित्र छ यस कुराबाट कि कसैलाई कुनै कुरामा बाधित गरिदेओस् (अनि त्यसलाई त्यस कार्यमा दण्ड पनि देओस्) ।

प्रश्नः ११- बहुदेववाद (र्शिक) के हो ? र त्यसका कति थरीहरू छन् ?

उत्तरः ११- शिर्क अर्थात बहुदेववाद दुई थरीका छन्: अल्लाहको स्वामित्वमा सहभागी ठहराउनु, र यसको अर्थ होः भक्त यो आस्था राखोस् कि अल्लाहको सृष्टिहरूलाई सृष्टि गर्ने कार्यमा अरु कोही

साझीदार छ, वा त्यसलाई तिनीहरूको संयोजक हुनुमा कसैलाई त्यसको सहभागी बनाउनु ।

दोस्रो थरी: पूजामा बहुदेववादको धारणा राख्नु, र यसको दुई थरीहरू छन् :

शिर्के अक्बर (ठूलो बहुदेववाद) र शिर्के अस्गर (सानो बहुदेववाद) ।

त शिर्के अक्बर यो हो कि: भक्त पूजाका थरीहरू मध्ये कसैलाई अल्लाह बाहेक कसै अरुको लागि गरोस् वा कसै अरुको लागि विशिष्टि गरोस्, जसरी कि अल्लाह बाहेक कसै अरुसित याचना गरोस् त्यससित त्रसित रहोस्, वा त्यससित आशा राखोस् । त यस्तो गर्नाले मान्छे धर्म इस्लामबाट निष्कासित भइहाल्छ, र त्यो सदैंवको लागि नर्कीय भइहाल्छ ।

र रह्यो कुरो शिर्के अस्गरको त यसको अर्थ हो: ती समस्त माध्यम र स्रोतहरू जुन शिर्क सम्म पुऱ्याउँछन्, र जुन वास्तवमा पूजाको श्रेणी र दर्जासम्म पुग्दैनन् तिनीलाई नै शिर्के अस्गर भनिन्छ, जसरी अल्लाह बाहेक कसैको शपथ लिनु, आडम्बर गर्नु.... आदि ।

प्रश्न: १२- अल्लाहमाथि विस्तृत तरिकाले आस्था राख्नुको अर्थ र विशेषता के हो ?

उत्तर: १२- हामी आफ्नो हृदय र जिब्रोले यो इकरार गर्दछौं कि अल्लाह समस्त अविष्कृत वस्तुहरूको अविष्कारी हो, र त्यो एकलै छ र सबैबाट निस्पृह छ त्यो आफ्नो समस्त विशेषताहरूमा पूर्णतया एकलो र विचित्र छ, र त्यो प्रशंसनीय महानतम् र प्रतापवाला छ, र त्यसलाई यस्तो परिपूर्णता प्राप्त छ कि सृष्टि मध्ये कोही पनि त्यसको त्यस विशेषतासम्म पुग्न सक्दैन, र त्यो आदि हो जसभन्दा पहिला कोही छैन, र त्यो अन्त हो जस पश्चात कोही शेष छैन, र त्यो जाहेर हो जसभन्दा पहिला कोही छैन नत त्यस पश्चात नै कोही छ, र त्यो त्यो जाहेर हो जसमाथि पनि कोही छैन, र त्यो अप्रत्यक्ष र गोप्य हो जस बाहेक कोही छैन, र त्यो सर्वोच्च छ, र त्यो उच्च छ अस्तित्वको साथ महानता र शक्ति सम्पननताको साथ र सर्वगुण सम्पननताको साथ, र त्यो सर्वज्ञानी छ र सर्वशक्ति सम्पन्न छ, त्यो अति सुन्नेवाला र सर्वलौकिक

छ, र त्यो तत्वदर्शी छ समस्त सृष्टिलाई उत्पात गर्नुमा, र विधान अविष्कृत गर्नुमा, र त्यो प्रशंसनीय छ आफ्नो विशेषताहरूमा, कार्यशैली र पवित्रतामा, र प्रशंसनीय छ आफ्नो महानतामा, दया र कृपा गर्नुमा, जसको कृपा सबैलाई समाविष्ट गरेको छ, र त्यसको कृपा र उपकारबाट समस्त कुराहरू अनुकम्पित र लाभान्वित छन्, र त्यो सम्राट र स्वामी हो समस्त सम्राटहरूको र यो मात्र त्यसैको विशेषता हो कि माथिल्लो र तल्लो समस्त संसारमा भएकाहरू त्यसैका दास हुन्, र सबैमाथि त्यसैको वर्चस्व कायम छ, त्यो नै त्यो चिरञ्जीवी र अमर हो जसको लागि पूर्ण जीवन छ, त्यसको कुनै अन्त्य छैन, र त्यो नै सर्वशक्ति सम्पन्न हो जुन आफै कायम छ र अरुलाई पनि कायम राख्दछ, र त्यो समस्त कार्यको विशेषताद्वारा विशेषित छ , तसर्थ त्यो जुन चाहन्छ गर्दछ यसर्थ त्यो जुन चाहन्छ त्यो नै हुन्छ र जुन चाहँदैन त्यो हुँदैन ।

र हामी यो गवाही दिन्छौं कि त्यो प्रतिपालक नै हाम्रो स्रष्टा हो, हामीलाई आकार प्रदान गर्नेवाला हो, जसले समस्त ब्रह्माण्डलाई शुन्यबाट अविष्कृत गर्‍यो र त्यसलाई अति परिपूर्ण बनायो, र त्यसलाई राम्ररी प्रचलित रहीरहने व्यवस्था गर्‍यो, र त्यो अल्लाह नै हो जस बाहेक कोही सत्य पूज्य छैन जसको पूजा अर्चना गरियोस् त्यस बाहेक कोही पनि पूजा योग्य छैन । तसर्थ हामी त्यस बाहेक कसैलाई नतमस्तक हुँदैनौं नत कसै अरुसित आशा नै राख्दछौं, नत कसै अरुतर्फ प्रवृत्त नै हुन्छौं, बरु हामी मात्र त्यसै एकलो अल्लाहतर्फ प्रवृत्त हुन्छौं जुन महाशक्तिशाली र अधिपत्यशाली एवं दयावान छ, त हामी त्यसैको उपासना गर्दछौं र त्यसैसित सहायता माँग्दछौं र त्यसैसित त्रसित रहन्छौं, र त्यसको दयाको आशा राख्दछौं र त्यसको निसाफ र यातनाबाट त्रसित छौं, त्यो नै हाम्रो प्रतिपालक हो त्यस बाहेक हाम्रो कोही पालनहार छैन, यसर्थ त्यसैलाई पुकार्दछौं र त्यसैबाट माँग्दछौं त्यस बाहेक हाम्रो कुनै पूज्य छैन त त्यसैबाट मुक्तिको आशा राख्दछौं, त्यो हाम्रो पक्षधर र हितैषी हो हाम्रा समस्त संसारिक र परलौकिक कुराहरूलाई सुसाध्य गर्नुमा , र त्यो कति राम्रो सहायक हो कि

हामीबाट समस्त प्रकारका अशुद्धिहरूलाई र समस्त प्रकारका कष्टहरूलाई हटाइदिन्छ ।

प्रश्नः १३- सन्देष्टाहरूमाथि विस्तृत आस्था राख्नुको विशेषता के हो ?

उत्तरः १३- हामीमाथि यो अनिवार्य छ कि हामी समस्त सन्देष्टाहरूमाथि आस्था राखौं जिनका दूतत्व संक्षिप्त र विस्तृत तरिकाले परमाणित छन् । त हामी यो आस्था राख्दछौं कि अल्लाह उनीहरूलाई आफ्नो वह्य र दूतत्वको लागि विशिष्ट गरेको छ, र उनीलाई आफू र आफ्नो सृष्टिहरू बीच माध्यम बनाएको छ आफ्नो धर्म र विधानलाई विस्तार गर्नुको लागि त्यसको आह्वान गर्नुको लागि, र उनीहरूको चमत्कारहरूद्वारा सहायता पनि गरेको छ जुन उनीहरूको सत्यता र उनीहरूले ल्याएको कुराको सत्यतामाथि प्रमाणीकरण गर्छ । र उनीहरू ज्ञान र शिष्टाचार एवं कर्ममा समस्त सृष्टिहरू भन्दा परिपूर्ण र उत्कृष्ट छन्, र अल्लाहले उनीहरूलाई यस्ता विशेषताहरू र श्रेष्ठताहरूद्वारा विशिष्ट गरेको छ जहाँसम्म कुनै अरु सृष्टिलाई पुग्नु असम्भव छ, र उनीहरूलाई समस्त अशुद्धि र अस्वच्छताबाट पवित्र गरेको छ । र उनीहरू जसतर्फ आह्वान गर्छन् र जुन अल्लाहका निर्देशनहरू सबैलाई सुनाउँछन् त यस कार्यमा उनीहरू असत्य भन्नु र कुनै प्रकारको झूठ बोल्नुबाट पवित्र छन्, र उनीहरूले सुनाएका खबरहरू पूर्णतया सत्यतामा आधारित छन् । यसर्थ उनीहरूमाथि र जुन उनीहरू लिएर आएका छन् त्यसमाथि विश्वास गर्नु अनिवार्य छ, र उनीसित प्रेम गर्नु, उनीहरूको सम्मान गर्नु पनि अति आवश्यक छ । र हाम्रो यो आस्था पनि छ कि यी सबै कुराहरू अन्तिम सन्देष्टाको हकमा पूर्णतया अनिवार्य छ, र हामीमाथि उहाँको बारेमा ज्ञान प्राप्त गर्नु र उहाँले ल्याएको धर्म एवं विधानको संक्षिप्त र विस्तृत ज्ञान क्षमता अनुसार प्राप्त गर्नु अनिवार्य छ, र यी समस्तमाथि आस्था राख्नुको साथै उहाँको अनुशरण र आज्ञापालन गर्नु र उहाँले भनेका समस्त कुराहरूमा उहाँलाई सत्य मान्नु पनि अति आवश्यक छ, र जुन कुराको उहाँले आदेश गरेका छन् त्यसको पालना गर्नु र जसबाट रोकेका छन् त्यसबाट रुकिहाल्नु पनि अति जरुरी छ । र उहाँ सल्लल्लाहो अलैहे वसल्लम यस

संसारको अन्तिम सन्देष्टा हुन् उनी पश्चात कोही आर्को सन्देष्टा आउनेवाला छैन, र उहाँले ल्याएको विधानले आफूभन्दा पहिलाका समस्त विधानलाई स्थगित गरिसकेको छ, र उहाँको यो विधान प्रलयसम्म बाँकी रहनेवाला छ। र उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि आस्था राख्नु तबसम्म पूर्ण हुन्सक्दैन जबसम्म भक्त यो ज्ञान ग्रहण नगरोस् कि जति कुराहरू पनि उहाँले ल्याएका छन् सबै सत्य छन्, र उहाँले ल्याएका कुराहरू विरुद्ध प्रकृतिक र मनोवैज्ञानिक प्रमाणीकरण पाइनु असम्भव छ, बरु शुद्ध मनीष र प्रकृतिक कुराहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सत्यताका प्रतीक हुन् ।

प्रश्न: १४- भाग्यमाथि आस्थाका कति दर्जाहरू छन् ? र ती के के हुन् ?

उत्तर: १४- भाग्यका चार दर्जा (श्रेणी) हरू छन् तिनीहरूलाई पूर्ण नगरे सम्म भाग्यमाथि आस्था पूर्ण हुन्सक्दैन, र ती श्रेणीहरू निम्न हुन :

यो आस्था राख्नु कि अल्लाह समस्त कुराहरूको ज्ञाता हो, र त्यसको ज्ञान सानो भन्दा सानो कुरालाई आफ्नो घेरामा लिएको छ, र त्यस परम् पूज्यले यी समस्तलाई लौहे महफूजमा लेखेर राखेको छ, र समस्त घटनाहरू र समस्त घटित हुने कुराहरू त्यसैको चाहनामा निर्भर छन्, जुन त्यो चाहन्छ त्यो हुन्छ र जुन त्यो चाहँदैन त्यो हुँदैन, र यसको साथ साथै अल्लाहले भक्तहरूलाई कार्य गर्ने अख्तियार र स्वतन्त्रता दिएको छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَمْ تَعْلَمْ أَنَّ ٱللَّهَ يَعْلَمُ مَا فِى ٱلسَّمَآءِ وَٱلْأَرْضِ ۗ إِنَّ ذَٰلِكَ فِى كِتَٰبٍ ۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٌ ﴿٧٠﴾ ﴾ الحج: ٧٠

अर्थ : के तपाईलाई थाहा भएन कि जे जति आकाश र धरतीमा छ अल्लाह सबै जान्दछ। निश्चय नै त्यो (कर्मपत्र) एउटा किताबमा अंकित छ, निःसन्देह त्यो (निर्णय) अल्लाहको निम्ति अत्यन्त सरल छ। ( सूरतुल् हज्ज ७० )

﴿ لِمَن شَآءَ مِنكُمۡ أَن يَسۡتَقِيمَ ٢٨ وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ ٢٩ ﴾ التكوير: ٢٨ - ٢٩

अर्थ : विशेषगरी उसको लागि जो तिमीहरू मध्ये सोझो बाटोमा हिंड्न चाहोस् । र तिमीले विश्वका पालनकर्ताले नचाहिकन केही पनि चाहन सक्दैनौ । ( सूरतुत्तक्वीर २८,२९ )

प्रश्नः १५- अन्तिम दिन (प्रलय) को परिभाषा के हो ? र यसमा के के कुराहरू शम्मिलित छन् ?

उत्तरः १५- पवित्र कुरआन र हदीसहरूमा मृत्यु पशचातका जति कुराहरू पनि वर्णित छन् समस्त अन्तिम दिनमाथि आस्था राख्नुमा शामेल छन्, जसरी चिहानभित्र घटित हुने कुराहरू, र त्यसमा हुने अनुकम्पा र यातनाहरू, र प्रलयको दिनको विचित्र अवस्थाहरू, र जुन त्यस दिन हिसाब किताब हुन्छ, प्रतिफल र यातना दिइन्छ, र कर्मपत्री वितरण गरिन्छ, र तुला राखिन्छ, र सिफारिश गरिन्छ, र स्वर्ग एवं नर्कका अवस्था र त्यसका विशेषताहरू, र त्यसमा जानेहरूका विशेषताहरू, र जुन अल्लाहले त्यसमा प्रवेश गर्नेहरूको लागि तयार पारेर राखेको छ ती समस्तको ज्ञान र त्यसमा आस्था राख्नु प्रलयमाथि आस्था राख्नुमा शम्मिलित छ ।

प्रश्नः १६- कपटीपना (नेफाक) के हो ? र त्यसका कति थरीहरू छन् ? र त्यसका विशेषताहरू के के छन् ?

उत्तरः १६- कपटीपना होः भलाईलाई सुदर्शित गरेर बुराईलाई आफूभित्र लुकाएर राख्नु । र यसका दुई थरीहरू छन्ः

ठूलो कपटीपना जुन आस्था र सिद्धान्तमा हुन्छ, र जसलाई गर्ने मान्छे सदैंवको लागि नर्कमा बास गर्नेछ, र यसको उदाहरण अल्लाहको यो कथन हो जसमा अल्लाहले कपटीहरूको बारेमा खबर दिएको छ :

﴿ وَمِنَ ٱلنَّاسِ مَن يَقُولُ ءَامَنَّا بِٱللَّهِ وَبِٱلۡيَوۡمِ ٱلۡأٓخِرِ وَمَا هُم بِمُؤۡمِنِينَ ٨ ﴾ البقرة: ٨

अर्थ : केही यस्ता मानिस छन् जसले अल्लाह र आखिरतमाथि ईमान भएको कुरा गर्दछन् तर वास्तवमा उनीहरू ईमानवाला होइनन् । ( सूरतुल् बकर: ८ )

अर्थात जुन मान्छेहरू नास्तिकतालाई लुकाएर इस्लामलाई प्रदर्शित गर्छन् ।

र सानो कपटीपना क्रियाकलापमा पाइन्छ जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसको उदाहरण र लक्षण बताउँदै भनेका छन् :

"آية المنافق ثلاث: إذا حدث كذب, وإذا وعد أخلف, وإذا أئتمن خان"

अर्थ : कपटीका तीन लक्षणहरू छन्: जब त्यो कुरा गर्छ त झूठ बोल्दछ, र जब अठोट गर्छ त त्यसलाई निर्वाह गर्दैन, र जब त्यससित नासो राखिन्छ त त्यसमा विश्वासघात गर्छ ।

त ठूलो नास्तिकता र कपटीपनाको साथ आस्था र सुकर्म कुनै फाइदा र लाभ पुऱ्याउन सक्दैन ।

तर सानो कपट आस्थाको साथ पनि पाइन्छ अर्थात दुवै एकसाथ हुन्सक्छन्, त यसै कारण यस्तो मान्छेमा सुकर्म र कुकर्म दुवै पाइन्छ अनि यसको परिणाम स्वरूप त्यसमा पुण्य र यातना दुवैका माध्यमहरू पनि पाइन्छ ।

प्रश्न: १७- बिदअत (इस्लाम धर्ममा नौलो अविष्कृत कुरा) के हो ? र यसका कति थरीहरू छन् ?

उत्तर: १७- बिदअत सुन्नतको विरुद्ध समस्त कार्यहरू हुन् । र यसका दुई थरीहरू छन् :

सैद्धान्ति बिदअत, र यसको अर्थ हो कि मान्छे अल्लाह र अल्लाहका रसूलले खबर दिएको कुरा विरुद्ध आस्था राखोस्, र यसैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो यस कथनमा प्रष्ट पारेका छन्:

"وستفرق أمتي على ثلاث وسبعين فرقة كلها في النار إلا واحدة, قالوا ما هي يا رسول الله , قال: من كان على مثل ما أنا عليه اليوم وأصحابي "

अर्थ : मेरो अनुयायीहरू भविष्यमा ७३ समूहमा विभाजित भइहाल्ने छन् जस मध्ये एउटा बाहेक समस्त नर्कमा जाने छन्, त सहाबाहरूले ( उहाँका साथीहरूले) सोधे त्यो भाग्यशाली समूह कुन हो हे अल्लाहका

रसूल ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः त्यो समूह उसै पद्धतिमा हिंडनेवाला हुनेछ जसमा आज म र मेरा साथीहरू हिंडिराखेका छौं, (अर्थात तिनीहरू पनि त्यही कार्यहरू गर्ने छन् जुन म र मेरा साथीहरू आज गरिरहेका छौं) ।

तसर्थ जुन समूहको यो विशेषता होस् त्यो नै वास्तवमा सुन्नतको अनुशरणकारी र सुन्नतवाला हो, र जसभित्र यो विशेषता पाइदैन त्यो बाँकी नर्कीय र बिदअती समूह मध्येको हो, र प्रत्येक बिदअत पथभ्रष्टता हो, र बिदअत जति सुन्नतबाट टाढा हुन्छ त्यति नै त्यसको दर्जा र हानिकारकता र प्रभावमा पनि भिन्नता देखिन्छ ।

र दोस्रो थरी हो कार्य र क्रियाकलापको बिदअत, र यसको परिभाषा यो हो कि मान्छे अल्लाहको पूजा अल्लाहले र अल्लाहका रसूलले निर्धारित गरेको तरिका बाहेक कुनै अरु तरिकाले गरोस्, वा जसलाई अल्लाह र अल्लाहका रसूलले हराम गरेका छन् त्यसलाई हलाल भनोस् । यसर्थ जसले पनि अल्लाह र अल्लाहका रसूलले तोकेको विधि र तरिका बाहेक कुनै अरु विधि र तरिकाद्वारा पूजा अर्चना गऱ्यो र अल्लाह र अल्लाहका रसूलले हलाल गरेको कुरालाई हराम गऱ्यो भने यो मान्छे नै वास्तविक बिदअती हो ।

प्रश्नः १८- तपाईमाथि मुसलमानका के के हक र अधिकारहरू छन् ?

उत्तरः १८- अल्लाहको कथन छ :

﴿ إِنَّمَا ٱلۡمُؤۡمِنُونَ إِخۡوَةٞ ﴾ الحجرات: ١٠

अर्थ : सबै मोमिनहरू एक आपसमा भाइ-भाइ हुन् । ( सूरतुल् हुजुरात १० )

त तपाईमाथि यो अनिवार्य छ कि तिनीहरूलाई आफ्नो भाइ मान, र उनीहरूको लागि त्यही रोज जुन आफ्नो लागि रोज्दछौ, र उनीहरूको लागि पनि त्यसलाई अप्रिय ठान जुन आफ्नो लागि अप्रिय ठान्दछौ, र आफ्नो क्षमतानुसार उनीहरूको लाभ र हितको प्रयत्नशील रह, र उनीहरू बीच भाइचारा र सुलह गराउँदै गर, र उनीहरूका हृदयहरूलाई एकजुट गर्ने प्रयास गर्दै रह, र उनीहरूलाई सत्य र

हकमाथि एकजुट गर्ने प्रयास गर । मुसलमान मुसलमानको भाइ हो त्यसको लागि यो उचित छैन कि त्यसलाई घृणित ठानोस्, वा त्यसमाथि अत्याचार गरोस् वा त्यसलाई असत्य र झूट्ठा ठानोस्, वा त्यसलाई अवहेलना गरोस् । र यो पनि जरुरी छ कि त्यसमाथि जुन त्यसको हक र अधिकार छ त्यसलाई पूर्ण गरोस्, र जसको त्यसमाथि विशेष अधिकार छ जसरी माता पिता, निकट्तम आफन्तीहरू, र छिमेकीहरू, साथी र गुरुहरूको हक अधिकारको विशेषरूपले निर्वाह गरोस् ।

प्रश्नः १९- रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथीहरू ( सहाबाहरू) को हामीमाथि के के अधिकारहरू छन् ?

उत्तरः १९- रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि परिपूर्ण आस्था राख्नु र उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित प्रेम गर्नु मध्ये यो पनि हो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूसित पनि प्रेम गरियोस्, र उनीहरूका हक श्रेणी र श्रेष्ठता एवं प्राथमिकताको आधारमा, र उनीहरूको ती श्रेष्ठताहरूलाई स्वीकार गर्नु जसद्वारा उनीहरू समस्त अनुयायीहरूमाथि श्रेष्ठ भए, र उनीहरूसित प्रेम गरेर र उनीहरूको श्रेष्ठताको प्रचार प्रसार गरेर अल्लाहको निकटता प्राप्त गरोस्, र जुन उनीहरू बीच विवाद घटित भएको छ त्यसमा टिप्पणी गर्नुबाट आफूलाई रोक्नु ।

र हाम्रो यो आस्था छ कि उनीहरू समस्त उम्मतभन्दा श्रेष्ठ छन् सबै सुकार्य गर्नुमा, समस्त प्रकारका नैतिकता र शिष्टाचारसित सुसज्जित हुनुमा । र तिनीहरू सुकर्म र भलाईको कार्य गर्नुमा सबैभन्दा तीव्रता देखाउनेवाला थिए, र यो आस्था राख्नु कि समस्त सहाबाहरू सत्यवान थिए, र अल्लाह उनी सबैसित प्रसन्न भइसकेको छ ।

प्रश्नः २०- इमामतको बारेमा तपाईको के भनाई छ ?

उत्तरः २०- हाम्रो यो सिद्धान्त छ कि इमाम (अगुवा-नायक) नियुक्त गर्नु फर्जे किफाया हो, (अर्थात यस्तो कार्य हो जसलाई केही मान्छेले गरेमा सबै दोषमुक्त भइहालुन्, र कसैले नगरेको खण्डमा सबै दोषी घोसित हुनेछन्, यसैलाई अरबीमा फर्जे किफाया भनिन्छ) किनकि यो समूह (मुसलमानहरूको समूह) इमामबाट निस्पृह हुन्सक्दैनन् जुन

इमाम उनीहरूको धर्मलाई कार्यन्वयनमा ल्याओस् र संसारिक कार्यहरूलाई व्यवस्थित गरोस् र उनीहरूबाट शत्रुहरूलाई र अतिक्रमणकारीहरूलाई रोकोस्, र दोषीहरूलाई दण्डित गरोस् । र इमामको हक तब्सम्म पूर्ण हुँदैन जबसम्म इमामको भलाईको कार्यमा अनुशरण नगरियोस्, तर पापका कार्यहरूमा त्यसको अनुशरण गर्नु जायज छैन, र धर्मयुद्ध त सत्कर्मी र कुकर्मी दुवैको साथमा जायज छ, र उनीलाई भलाईको कार्यमा सहायता गरिन्छ र बुराईको कार्य गरेमा त्यसलाई उपदेश गरिन्छ ।

प्रश्नः २१- सिराते मुस्तकीम (सोझो मार्ग) के हो ? र यसको विशेषता के के हो ?

उत्तरः २१- सिराते मुस्तकीमको अर्थ हो, लाभदायक ज्ञान र सुकार्य । र लाभदायक ज्ञान त्यो हो जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम लिएर आए, र जसलाई कुरआन र सुन्नतमा प्रष्ट पारिएको छ ।

र सुकर्मको अर्थ होः सही र सत्य सद्धिान्त एवं आस्थाद्वारा अल्लाहको निकट्ता प्राप्त गर्नु, र अनिवार्य कार्य एवं नफिली पूजाहरूको आयोजना गर्नु, र वर्जित कार्यहरूलाई त्यागनु । त यसको अर्थ र निष्कर्ष यो निस्कन्छ कि मान्छे अल्लाह र भक्तहरूको अधिकारलाई पूर्ण गरोस्, र यो तबसम्म पूर्ण हुन्सक्दैन जबसम्म मान्छे शुद्ध नीयतले पूर्ण निष्ठाको साथ अल्लाहको निकटता र प्रसन्नताको अभिलाषी नहोस्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पूर्णरूपले अनुशरणकारी नहोस् ।

र यो धर्म इस्लाम यिनै दुवै प्रमुख आधारहरूमा आधारित र चक्रित छ, तसर्थ जसको नीयत अशुद्ध भयो त्यो बहुदेववादमा पऱ्यो, र जसले अनुशरणलाई त्याग्यो त्यो बिदअतमा लिप्त भयो ।

प्रश्नः २२- आस्थावान मान्छेलाई अनास्थावान र इन्कारी एवं नास्तिक मान्छेबाट भिन्न गर्ने विशेषताहरू के हुन् ?

उत्तरः २२- यो एउटा ठूलो र विशाल प्रश्न हो, त आस्थावान र त्यस बाहेकका अनास्थावान र नास्तिक मान्छेहरू बीच विभाजन पश्चात नै सत्य असत्य, सुमार्गी र कुमार्गी बीच भिन्नता स्पष्ट हुन्छ, तसर्थ यो ज्ञात रहोस् कि वास्तवमा आस्थावान त्यो व्यक्ति हो जुन

अल्लाहमाथि र कुरआन एवं हदीसमा वर्णित अल्लाहका समस्त नाम र विशेषताहरूमाथि आस्था राखोस्, र त्यसलाई बुझेर र त्यसमाथि विश्वास गरेर त्यसलाई अंगीकार गरोस्, र त्यस परम् पूज्य अल्लाहलाई समस्त प्रकारका विकारयुक्त कुराहरूबाट मुक्त र पवित्र मानोस् । त जब मान्छे यस्तो गर्छ त त्यसको हृदय आस्था ज्ञान र स्वीकृति एवं सन्तुष्टिबाट परिपूर्ण भइहाल्छ, र त्यो अल्लाहसित संलग्न भइहाल्छ, यसर्थ त्यो मात्र अल्लाहसित आशान्वित हुन्छ, र त्यसैसित याचना गर्छ, र पूर्ण निष्ठाको साथ जति पनि पूजाका थरीहरू अल्लाहले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको माध्यमद्वारा अवतरित गरेको छ त्यसैको लागि विशिष्ट गर्छ, र त्यसैद्वारा त्यसको पूजा अर्चना गर्छ त्यस परम् पूज्यको निकटता प्राप्तिको उद्देश्यले र त्यसको प्रतिफलको आशाको साथ, त्यसबाट र त्यसको यातनाबाट त्रसित भएर । र त्यस परम् पूज्य अल्लाहले त्यसमाथि गरेको अनुकम्पाहरूमाथि त्यसको कृतज्ञता प्रकट गर्छ र त्यस अनुकम्पाद्वारा लाभान्वित हुन्छ त्यसको राम्ररी उपभोग गर्छ, र यसको साथै अल्लाहको यस उपकारमाथि त्यसको सदैंव गुणगान गरिरहन्छ, र त्यो यसभन्दा ठूलो अनुकम्पा कुनै अरु अनुकम्पालाई ठान्दैन नत यसभन्दा सर्वोत्कृष्ट सत्कार नै कसै अरुलाई ठान्दछ, र त्यो अल्लाहसित संलग्न हुने स्वाद र मिठासलाई त्यस बाहेकका अरु समस्त संसारीय भोग विलासको स्वादमाथि प्राथमिकता दिन्छ, र यसको साथै संसारिक भोगविलासबाट पनि आफ्नो अंश पनि लिइहाल्छ र त्यसबाट पनि लाभान्वित हुँदै रहन्छ, तर यस भोगविलासबाट त्यस प्रकार लाभान्वित हुँदैन जसरी कि नास्तिक र इन्कारीहरू हुन्छन् । त यस्तो गर्नाले र अल्लाहलाई आफ्नो पक्षधर र सहायक ठान्नाले र त्यसैसित सहायताको याचना गर्नाले र त्यसैसित आशान्वित हुनाले त्यसको प्रशान्ति र सन्तुष्टि परिपूर्ण भइहाल्छ, र त्यसको हृदय सन्तुष्ट भइ रमाउन् थाल्छ । र त्यसले चाहेको कुरा विपरीत कुरा घटित भएको खण्डमा पनि त्यो निराश र दुखी हुँदैन । त यो त्यो मान्छे हो जसको लागि अल्लाहले संसारिक र परलौकिक भाग्यवानी र अनुकम्पाहरूलाई एकत्रित गरेर राखेको छ ।

र रह्यो कुरा नास्तिक इन्कारी र अनास्थावान मान्छेको त त्यसको अवस्था आस्थावान मान्छे विरुद्ध हुन्छ, त्यसले आफ्नो परम् पूज्यको इन्कार गऱ्यो जसको अस्तित्व र निपूणतामाथि प्रकृतिक मनोवैज्ञानिक प्रमाणहरू प्रमाणीकरण गरिसकेका छन्, तर त्यसले यी समस्तलाई वास्ता गरेन । यसर्थ जब त्यो अल्लाहको इन्कारी भयो र त्यसको पूजाबाट मुख फर्कायो, र प्रकृतिक वस्तुहरूसित संलग्न भएर त्यसैको पूजा अर्चना गर्नथाल्यो, र त्यसको हृदय जंग्ली जनावर झैं भयो जसको संसारिक भोगविलास बाहेक कुनै उद्देश्य हुँदैन, यसर्थ त्यसको हृदय सदैंव असंतुष्ट नै रहन्छ, बरु सदैंव त्रसित रहन्छ आफ्नो प्रियतम कुराहरूको समाप्तिको भयले र कष्ट आउने भयले, यातनामा पर्ने भयले जुन त्यसको वरिपरि चक्रित रहन्छन् । र त्यससित आस्थाको शक्ति पनि हुँदैन कि त्यसमाथि अवतरित विपत्ति र कष्टमाथि धैर्यता अपनाउनुमा त्यसको सहायता गरोस्, जुन त्यसको कष्टको प्रभाव र दुखको पीडालाई कम गरोस्, किनकि त्यो आस्थाको स्वादबाट वंचित हुन्छ र अल्लाहको निकट्ताको मिठासको आभासबाट पनि, र आस्थाका संसारिक र परलौकिक लाभ र प्रतिफलबाट पनि वंचित नै हुन्छ, त्यो नत पुण्यको आशान्वित हुन्छ नत यातनाबाट त्रसित, बरु त्यसको समस्त भयत्रास र मनोकामना घृणित संसारिक कुराहरूसित संलग्न हुन्छ ।

र आस्थावानको विशेषताहरू मध्ये हो: सत्यताको अगाडि विनम्र हुनु, र त्यसलाई अंगीकार गर्नु, र अल्लाहका भक्तहरूलाई तिनका श्रेणी र दर्जा अनुसार प्रत्येक तरिकाले सद्उपदेश दिंदै रहनु, अर्थात भनेर गरेर र शुद्ध नीयतले ।

र इन्कारीको विशेषता हो: सत्यलाई अस्वीकृत गर्नु र अल्लाहका भक्तहरू र सृष्टिहरूसित अभिमान गर्नु र आफूलाई अरुभन्दा श्रेष्ठ ठान्नु, र कसैलाई पनि सद्उपदेश नगर्नु ।

र आस्थावानको हृदय ईर्ष्या, कपट, विश्वासघातबाट स्वच्छ र पवित्र हुन्छ, त्यो मुसलमानहरूको लागि पनि त्यही मनपराउँछ जुन आफ्नो लागि मनपराउँछ, र उनीहरूको लागि पनि त्यसैलाई मनपराउँदैन जुन आफ्नो लागि मनपराउँदैन, र उनीहरूको हितको

लागि प्रयत्नशील रहन्छ, र सृष्टिहरूको कष्टमाथि धैर्यता देखाउँछ संतोष गर्छ, र उनीहरूमाथि कुनै अवस्थामा पनि अत्याचार गर्दैन ।

र इन्कारी मान्छेको हृदय ईर्ष्या र कपटबाट परिपूर्ण हुन्छ, त्यो कसैको लागि पनि भलाई र हित चाहँदैन यस अवस्था बाहेक कि त्यसमा त्यसको पनि कुनै संसारिक स्वार्थ र लाभ नीहित होस्, र त्यो सृष्टिमाथि अत्याचार गरेमा पछुतो मान्दैन, नत त्यो सृष्टिले पुऱ्याएको कष्टमाथि धैर्य नै धारण गर्न सक्छ ।

र आस्थावान मान्छे सत्य बोल्छ, सुव्यवहार गर्नेवाला हुन्छ, र त्यसको विशेषता मध्ये सहनशीलता, आत्मसम्मान, सन्तुष्टि, दया र धैर्यता, प्रतिज्ञापालन, विनम्रता, र सबैसित मेलमिलाप गर्नु पनि हो ।

र नास्तिक एवं इन्कारीको विशेषता होः क्रोध गर्नु, कठोरता अपनाउनु, विलाप गर्नु, प्राप्त भएको भन्दा अधिकको लालसा गर्नु, झूठ बोल्नु, प्रतिज्ञा पूर्ण नगर्नु, अनैतिकता अपनाउनु ।

र आस्थावान मान्छे अल्लाह बाहेक कसै समक्ष नतमस्तक हुँदैन, त्यसको हृदय र अनुहार अल्लाह बाहेक अरुलाई नतमस्तक हुनुबाट सुरक्षित रहन्छ र त्यसको विशेषताहरू मध्ये पवित्रता, सचरित्रता, वीरता, दान गर्नु, मानवता अपनाउनु पनि हो, र त्यो पवित्र कुरा बाहेक कुनै कुरा मनपराउँदैन ।

र रह्यो कुरो नास्तिकको त त्यो आस्थावानको अवस्था विपरीत हुन्छ, त्यसको हृदय सृष्टिसित संलग्न रहन्छ, उनीहरूको कष्टको भयको कारण र उनीहरूसित लाभान्वित हुनुको कारण, र त्यो मात्र आफ्नो स्वार्थपूर्तिको लागि नै तिनीहरूसित कुरा गर्छ, र त्यो नत सचरित्र हुन्छ नत त्यससित शक्ति हुन्छ, नत त्यो वीर नै हुन्छ, बरु त्यो आफ्नो संसारिक कुराहरूलाई प्राप्त गर्नुमा नै वीरताको प्रदर्शन गर्छ, र नत त्यससित मानवता नै हुन्छ, नत त्यो हलाल र हराम, पवित्र अपवित्रलाई नै वास्ता गर्छ बरु जे मिल्छ सबै थुपारी हाल्छ ।

र आस्थावान मान्छे माध्यमहरूलाई अपनाएर कार्यरत रहन्छ, र अल्लाहमाथि भरोसा पनि राख्दछ, र त्यससित सहायताको याचना गर्छ, जसलेगर्दा आफ्नो लक्ष्यलाई प्राप्त गर्न सकोस्, अनि अल्लाह त्यसको सहायता पनि गर्छ ।

तर नास्तिक मान्छेसित अल्लाहमाथि भरोसा गर्नुको कुनै अंश हुँदैन, र त्यो मात्र आफ्नो दुर्वल व्यक्तित्वमाथि नै निर्भर हुन्छ, तसर्थ त्यसलाई त्यसैको हवाले गरिन्छ र त्यसको सहायता गरिदैन, तर यदि त्यसले चाहेको कुरा त्यसको भाग्यमा पहिलादेखि नै लेखिएको हुन्छ त त्यो कुरा त्यसको नास्तिकतामा अझै वृद्धि गर्ने कारण बनिहाल्छ ।

र आस्थावान मान्छेलाई जब कुनै अनुकम्पा प्राप्त हुन्छ त त्यो त्यसमाथि अल्लाहको कृतज्ञता प्रकट गर्छ, र त्यसलाई यस्ता कर्यहरूमा खर्च गर्छ जुन त्यसलाई लाभ पुऱ्याउन सकोस् र त्यसको लागि हितकर होस् ।

तर अनास्थावान र नास्तिक मान्छेलाई जब कुनै अनुकम्पा प्राप्त हुन्छ त त्यो अभिमानी भइहाल्छ, र त्यो अनुकम्पा प्रदान गर्नेवालालाई बिर्सेर त्यसै अनुकम्पामा मस्त भइहाल्छ, र अल्लाहको कृतज्ञता प्रकट गर्दैन र त्यस अनुकम्पालाई आफ्नो तुच्छ लक्ष्यहरूको प्राप्तिको लागि खर्च गर्छ, र यो सबै कुराको साथ त्यसलाई प्राप्त अनुकम्पा अति थोरै समयमा नष्ट भइहाल्छ र त्यसबाट खोसिन्छ ।

र जब आस्थावान मान्छेमाथि कुनै प्रकारको विपत्ति आउँछ भने त्यो धैर्यताको परिचय दिन्छ, र अल्लाहसित त्यसमाथि पुण्यको आशान्वित रहन्छ, र त्यसको पीडा समाप्तिको आशा राख्दछ, त त्यसलाई त्यस विपत्तिको सट्टामा राम्रो प्रतिफल र राम्रो बदला प्रदान गरिन्छ ।

जबकि नास्तिक मान्छेमाथि जब कुनै विपत्ति आइपर्छ त त्यो विलाप गर्न थाल्छ अनि त्यसको कष्टमा अझै वृद्धि भइहाल्छ अनि त्यसलाई हृदयको पीडा र अरु विभिन्न पीडा र रोगहरू लागिहाल्छन्, तसर्थ नत त्यो धैर्यताको परिचय नै दिन्सक्छ नत त्यसलाई त्यस विपत्तिमा प्रतिफलको नै आशा हुन्छ तसर्थ त्यसको व्याकुलतामा नितांत वृद्धि भइहाल्छ ।

र अल्लाहमाथि आस्था राख्ने मान्छे समस्त सन्देशवाहकहरूमाथि आस्था राख्दछ, र उनीहरूको सम्मान गर्दछ, र उनीहरूसित समस्त सृष्टिभन्दा अधिक प्रेम गर्दछ, र यो आस्था राख्दछ कि प्रलयसम्म समस्त सृष्टि उनीहरूको निर्देशन अनुसार कार्यरत रही नै भलाई प्राप्त गर्न सक्छन्, र जति पनि कष्ट सृष्टिहरूलाई पुग्दछ त्यो उनीहरूको

विरोध गर्नुको कारण नै पुग्दछ । तसर्थ उनीहरू सृष्टिहरूमाथि समस्त सृष्टिहरूभन्दा अधिक परोपकार गर्नेवाला हुन्छन्, र विशेषरूपले उनीहरूका नायक र समस्त सन्देष्टाहरूका समापक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम जहाँलाई अल्लाहले समस्त संसारको लागि सर्वथा दया बनायो, र समस्त प्रकारका भलाई र सुमार्ग दिएर पठायो ।

र रह्यो कुरो नास्तिकहरूको त उनीहरू यस विपरीत अवस्थामा हुन्छन्, किनकि उनीहरू सन्देष्टाहरूका शत्रुहरूलाई सम्मान गर्छन्, र सन्देष्टाहरूले ल्याएका कुराहरूको उस्तै उपहास गर्छन् जसरी उनीहरूका पूर्वजहरूले गरेका थिए, र यो उनीहरूको बुद्धिहीनता र घृणित अनैतिकतामाथि सर्वोत्कृष्ट प्रमाण हो ।

र आस्थावान मान्छे अल्लाहको निकटता प्राप्त गर्छ सहाबाहरूसित प्रेम गरेर, र मुसलमानहरूका नायकहरूसित प्रेम गरेर, र सुमार्गीय नायकहरूसित प्रेम गरेर । जबकि नास्तिक यसभन्दा विपरीत अवस्थामा हुन्छ ।

र आस्थावान मान्छे आफ्नो निष्ठाले गर्दा मात्र अल्लाहको निकटता पाउनको लागि कार्य गर्छ र अल्लाहको प्रसन्नता पाउनको लागि नै सृष्टिहरूमाथि उपकार गर्छ । तर नास्तिक मान्छेको कार्यको घृणित र तुच्छ कुराहरूलाई पाउने बाहेक कुनै लक्ष्य हुँदैन ।

र आस्थावान मान्छे खुल्ला र विस्तृत सीना (छाती) को मान्छे हुन्छ लाभदायक ज्ञानद्वारा र सत्य आस्थाद्वारा र अल्लाहको अनुकम्पा र अनुपालनद्वारा र त्यसको गुणगानद्वारा र सृष्टिमाथि परोपकारद्वारा, र आफूलाई घृणित क्रियाकलाप र चरित्रहीनताबाट पवित्र गरेर ।

त यदि मानियोस् कि सत्यमा सत्यता जसरीकि तपाईले अति संक्षेपमा त्यसका विशेषतालाई वर्णन गर्नु भयो यस्तो छ कि त्यसैद्वारा समस्त प्रकारका हितकर कुराहरू प्राप्त हुन्छ, र त्यो जाहेर र गोप्यलाई शुद्धिकरण गर्छ, र त्यो सिद्धान्त र आचरणलाई स्वच्छ र दुरुस्त गर्छ समस्त प्रकारका विकारयुक्त कुराहरूबाट, र त्यो समस्त सृष्टिहरूलाई सुमार्ग र हितकर एवं लाभदायक कुराहरूतर्फ आह्वान गर्छ जसमा सबैको भलाई नीहित छ, त यदि कुरो यस्तै छ जसरी तपाईंले वर्णन गर्नु भयो त किन अधिकांश मानवहरू धर्म र आस्थाबाट विमुख छन् ?

र किन त्यस विरुद्ध संघर्षरत छन् ? र किन त्यसको उपहास गरिरहेका छन् ? त कदाचित यस्तो नहोस् कि कुरो तपाईले वर्णन गरेको कुरो भन्दा उल्टो र बेग्लै होस् ? किनकि समस्त मानवजातिसित बुद्धि र विवेक हुन्छ, समस्त मान्छेहरू हानिकारकलाई छाडि हितकर कुरालाई मनपराउँछन्, र शुद्ध कुरालाई अशुद्ध कुरामाथि प्राथमिकता दिन्छन् र बुराईलाई छाडि भलाईलाई नै चयन गर्छन ?

त यसको उत्तर यो हो कि: यो टिप्पणी र सन्देहजनक कुरा जुन तपाईले प्रकट गर्नु भयो यसलाई अल्लाहले पहिला नै आफ्नो ग्रन्थ पवित्र कुरआनमा वर्णन गरिसकेका छन्, र त्यसको उत्तर यथार्थमा भएका त्यसबाट रोक्ने माध्यमहरूसहीत वर्णन गरेका छन्, र ती कारणहरूलाई पनि विस्तारले वर्णन गरेका छन् जसलेगर्दा मान्छे धर्मबाट विमुख हुन्छ । र यस टिप्पणीको उत्तरको वर्णनले मान्छेलाई यो थाहा भइहाल्छ कि जति मानिसहरू पनि धर्मबाट विमुख हुन्छन् त यो कुनै अचम्मको कुरो होइन बरु स्वभाविक कुरो हो तसर्थ उनीहरूको विमुख्तामा अचम्म मानिदैन । त मेरो भनाई छ कि अल्लाहले इस्लाम धर्ममाथि आस्था नराख्नुको जति पनि कारण वर्णन गरेको छ ती अधिकांश मानवहरूमा सर्वोत्तम तौरले पाइन्छ, र त्यसै मध्ये एउटा अनभिज्ञता पनि हो, र वास्तविक ज्ञान नहुनु पनि, र त्यसका महान निर्देशन र तालिमको अनुपालन नगर्नु पनि, र हितकर ज्ञानबाट अनभिज्ञता यी समस्त मध्ये सर्वोत्कृष्ट कारण हो जसलेगर्दा मान्छे वास्तविक तथ्यहरूबाट र सराहनीय नैतिकताबाट टाढा रहन्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ بَلۡ كَذَّبُواْ بِمَا لَمۡ يُحِيطُواْ بِعِلۡمِهِۦ وَلَمَّا يَأۡتِهِمۡ تَأۡوِيلُهُۥۚ ﴾ يونس: ٣٩

अर्थ : वास्वविकता यो हो कि जुन कुराको ज्ञानमाथि नियन्त्रण प्राप्त गर्न सकेनन् त्यसलाई झूठा भनी आरोप लगाए, र यसैले यसको सत्यता उनीमाथि प्रकट नै भएको छैन । ( सूरतु यूनुस ३९ )

त अल्लाहले उनीहरूलाई यो खबर दिएको छ कि उनीहरूको विमुखता र उपहासको कारण उनीहरूको अनभिज्ञता हो जसलेगर्दा उनीहरूलाई त्यो वास्तविक ज्ञान प्राप्त हुँदैन जसबारे अल्लाह उनीहरूलाई निर्देशित गरिरहेको छ, र त्यसको व्याख्या त्यो यातना हो

जुन अहिलेसम्म उनीहरूमाथि अवतरित भएको हुँदैन जसलेगर्दा मान्छे अल्लाहतर्फ प्रवृत्त होस् र सत्यलाई अंगीकार गरोस्। अल्लाहको फर्मान छ :

﴿ وَلَٰكِنَّ أَكۡثَرَهُمۡ يَجۡهَلُونَ ١١١ ﴾ الأنعام: ١١١

अर्थ : तर उनीहरू मध्ये अधिकांश अज्ञानी छन्। ( सूरतुल् अनआम १११ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَٰكِنَّ أَكۡثَرَهُمۡ لَا يَعۡلَمُونَ ٣٧ ﴾ الأنعام: ٣٧

अर्थ : तर तिनीहरू मध्ये धेरै मानिसहरू जान्दैनन्। ( सूरतुल् अन्आम ३७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ صُمُّۢ بُكۡمٌ عُمۡيٞ فَهُمۡ لَا يَعۡقِلُونَ ١٧١ ﴾ البقرة: ١٧١

अर्थ : यिनीहरू बहिरा, लाटा र अन्धा छन्, यिनको बुद्धि छैन। ( सूरतुल् बकरः १७१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ إِنَّ فِي ذَٰلِكَ لَأٓيَٰتٖ لِّقَوۡمٖ يَعۡقِلُونَ ٤ ﴾ الرعد: ٤

अर्थ : यसमा बुद्धिमानहरूका लागि धेरै चिन्हहरू छन्। ( सूरतुर्रअ्द ४ )

र यस बाहेक अरु श्लोकहरू छन् जुन यस कुरालाई प्रमाणित गर्छन्।

र अनभिज्ञता कहिले काहिँ सानो प्रकारको हुन्छ ठूलो हुँदैन जसरी ती मान्छेहरूको अवस्था जसले रसूल सल्लल्लाहो अलैहे वसल्लमका निर्देशनहरूलाई झूठलाए र आफ्ना सरदारहरूको अनुपालन गर्दैरहे, र यी ती मानिसहरू हुन् कि जब यिनीलाई यातना आई समात्छ त भन्ने छन् :

﴿ وَقَالُوا۟ رَبَّنَآ إِنَّآ أَطَعْنَا سَادَتَنَا وَكُبَرَآءَنَا فَأَضَلُّونَا ٱلسَّبِيلَا۠ ﴿٦٧﴾ ﴾
الأحزاب: ٦٧

अर्थ : र उनीहरूले भन्नेछन् "हे हाम्रा पालनकर्ता ! वास्तवमा हामीले आफ्ना नाइकेहरू र आफ्ना ठूला बडाको आज्ञापालन गर्‍यौं र उनीहरूले हामीलाई सही मार्गबाट विचलित गरिदिए ।" ( सूरतुल् अहजाब ६७ )

र कहिले काहिँ अनभिज्ञता ठूलो र संग्रहित हुन्छ र यो दुई प्रकारको हुन्छ :

**पहिलो:** मान्छे आफ्नो जातिबन्धुको धर्मको अनुशरणकारी हुन्छ, र जब त्यस समक्ष सत्य कुरा आउँछ त त्यसतर्फ दृष्टि हाल्दैन त्यसमा विचार गर्दैन, र यदि त्यसलाई हेर्छ भने कुटिलताको साथ हेर्छ, आफ्नो जातिको धर्मबाट राजी हुनुको कारण, र त्यसको पक्षपात गर्नुको कारण, र यस प्रकारका मान्छेहरू ती मानिसहरू हुन् जसले सन्देष्टाहरूलाई झूठ्ठा ठाने, र उहाँहरूका उपदेशहरूलाई बेवास्ता गरे, र यिनैको बारेमा अल्लाहको भनाई छ :

﴿ وَكَذَٰلِكَ مَآ أَرْسَلْنَا مِن قَبْلِكَ فِى قَرْيَةٍ مِّن نَّذِيرٍ إِلَّا قَالَ مُتْرَفُوهَآ إِنَّا وَجَدْنَآ ءَابَآءَنَا عَلَىٰٓ أُمَّةٍ وَإِنَّا عَلَىٰٓ ءَاثَٰرِهِم مُّقْتَدُونَ ﴿٢٣﴾ ﴾ الزخرف: ٢٣

अर्थ : र यसै प्रकार हामी जुनसुकै बस्तीमा यो भन्दा पहिला कुनै सावधान गर्नेवाला पठायौं त त्यहाँका सम्पन्न मानिसहरूले मात्र यही भनेः कि "हामीले आफ्ना बाबुबाजेलाई एउटा धार्मिक मार्गमा पाएका छौं र हामीले उनैका पदचिन्हमा उनीहरूको अनुशरण गर्ने छौं ।" ( सूरतुज्जुखरुफ २३ )

र यसैलाई दक्लीदुल् अअ्मा (अन्धविश्वास) भनिन्छ जसलाई मान्ने व्यक्ति यो गुमान गर्छ कि त्यो सत्यतामा छ जबकि त्यो असत्यमा हुन्छ । र यस थरीमा समस्त नास्तिक र भौतिकवादीहरू आउँछन्, किनकि उनीहरूका ज्ञानको अनुसंधान गरे पश्चात यो थाहा हुन्छ कि उनीहरू आफ्नो नायकेहरूका पद्धतिमा हिंडी राखेका छन्, यदि उनीहरूका नायकहरू कुनै कुरा भन्दछन् त त्यसमाथि यसरी अन्धविश्वास

गरिहाल्छन् मानो त्यो अल्लाहद्वारा अवतरित वह्य होस्, र यदि उनीहरू कुनै गलत विचार वा धारणा ल्याउँछन् तै पनि त्यसैको अनुशरण गर्छन् चाहे त्यस धारणासित सहमत होउन् वा असहमत, त यस्ता खालका मानिसहरू उपद्रवी हुन् र यस्ता खालका मानिस्हरू बुद्धिहीन छन् जसको आफ्नो कुनै दृष्टिकोण छैन ।

**दोस्रो थरी :** यस अन्तर्गत नास्तिक र बहुदेववादीहरूका नायकहरू र अगुवाहरू आउँछन् जुन प्रकृतिक संसारिक र भौतिक विज्ञानमा निपुण भए, र अरुलाई त्यस विद्यामा अनभिज्ञ ठाने, र समस्त विज्ञानलाई आफूले जानेको ज्ञानभित्र नै सीमित ठाने, र सन्देष्टाहरू विरुद्ध र उनीहरूका अनुयायीहरू विरुद्ध अहंकार गर्दै हिंडे, र यो दावी गरे कि विज्ञान त्यसैमा सीमित छ जहाँसम्म मनुष्यको बुद्धि पुगोस् र मानव जसको अनुभव गरोस्, र त्यस बाहेक जति पनि विज्ञान र सत्यता छन् सबैको इन्कारी भए, र त्यसलाई असत्य ठाने । तसर्थ उनीहरूले समस्त ब्रह्माण्डको प्रतिपालकको इन्कार गरे, र त्यसले पठाएका सन्देष्टाहरूलाई झुठलाए, र जति अदृश्यका कुराहरूको खबर अल्लाह र अल्लाहका सन्देशबाहकहरूले दिए सबैलाई झूठ ठाने । त यिनीहरू नै वास्तवमा अल्लाहका यस कथनका पात्र हुन् :

﴿ فَلَمَّا جَآءَتۡهُمۡ رُسُلُهُم بِٱلۡبَيِّنَٰتِ فَرِحُواْ بِمَا عِندَهُم مِّنَ ٱلۡعِلۡمِ وَحَاقَ بِهِم مَّا كَانُواْ بِهِۦ يَسۡتَهۡزِءُونَ ٨٣ ﴾ غافر: ٨٣

थर्थ : यसर्थ जब उनीहरूको पैगम्बर उनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए त उनीहरूले आफ्नो ज्ञानमाथि घमण्ड गर्न लागे । र आखिर जुन कुराको उनीहरूले उपहास गरेका थिए त्यही कुराले आई घेर्‍यो । ( सूरतु गाफिर ८३ )

त उनीहरू आफूसित भएका प्रकृतिक विज्ञानको कारण प्रसन्न भए र यसैले उनीहरूको आफूलाई सन्देष्टाभन्दा श्रेष्ठ र तिनीहरूसित भएको सत्य विरुद्ध अभिमान गर्नुको कारण बन्यो, र यसै कारण त्यस विज्ञानलाई उनीहरूले ल्याएका कुराहरूमाथि प्राथमिकता दिए, बरु यसैकारण उनीहरू यस अवस्थासम्म पुगिहाले कि उनीहरू सन्देष्टाहरूले ल्याएका ज्ञानहरूको उपहास गर्नथाले, तसर्थ त्यसको

दुखद परिणाम उनीहरूलाई आइसमात्ने छ जसको उनीहरू उपहास गरिरहेका छन् ।

त यिनी नास्तिकहरूद्वारा ती मानिसहरू धोका खाए जुन माडर्न र आधुनिक विज्ञान प्राप्त गर्दछन् जसको साथमा कुनै धार्मिक विद्या प्राप्त गर्दैनन् जुन उनीलाई यस धोकाबाट बचाओस्, र यसमा सर्वप्रथम ती विद्यालयहरू छन् जुन धार्मिक विद्यामा रुचिकर हुँदैनन् जुन उनीहरूलाई यस नास्तिकताबाट बचाओस्, त जब विद्यार्थी यी विद्यालयहरूबाट पढेर निस्कन्छ त्यो धार्मिक विद्यामा निपुण हुँदैन, नत इस्लामीय नैतिकताद्वारा सुसज्जित नै हुन्छ, बरु त्यसलाई यो अभिमान हुन्छ कि त्यसलाई जुन ज्ञान प्राप्त छ त्यो कसै अरुलाई प्राप्त छैन, अनि धर्म र धर्मलाई मान्नेहरूलाई अवहेलित ठान्दछ अनि त्यो सरलताको साथ यी नास्तिकहरूको भ्रमजालमा परिहाल्छ । त यो त्यो सर्वोत्कृष्ट हानिकारक कुरा हो जसद्वारा इस्लामलाई ठूलो हानि भोग्नु परेको छ, तसर्थ सर्वप्रथम मुसलमानहरू माथि यो अनिवार्य छ कि मदर्साहरूमा इस्लामीय विद्यामाथि ध्यान देउन्, र आफ्नो सफलता र असफलतालाई यसैसित संलग्न गरुन् नकि यस बाहेक कुनै अरु विद्याबाट, बरु यसबाहेकका कुराहरूलाई यसैको मातहत ठानुन् । त मदर्सा र स्कुलका कर्ताधर्ता र सचिवहरूमाथि सर्वप्रथम यो विद्या अनिवार्य छ र अध्यापकहरूमाथि पनि यो अनिवार्य छ किनकि भविष्यको युवा यसैमाथि निर्भर हुन्छ, तसर्थ मदर्साका नाजिम सचिव र सहायक सचिव र जुन पनि त्यसका कर्ताधर्ता छन् तिनीहरू यसबारेमा अल्लाहसित डरुन्, र इस्लामीय र धार्मिक विद्यालाई लागू गरेर अल्लाहसित राम्रो प्रतिफलको आशा राखुन् किनकि यसलाई त्यागेमा ठूलो क्षतिको खतरा छ, र समस्त प्रकारका हितकर र लाभदायक कुराहरू यसलाई कार्यन्वयनमा ल्याएर नै प्राप्त गर्न सकिन्छ, अर्थात इस्लामीय ज्ञान नै समस्त प्रकारको सफलताको जमानत दिन्छ ।

र यस्तै धर्म र आस्थाबाट रोक्ने कुराहरू मध्ये ईर्ष्या र अहंकार पनि हो, जस्तोकि यहूदीहरूको अवस्था थियो कि उनीहरू नबी सल्लल्लाहो अलैहे वसल्लमलाई राम्ररी जान्दथे र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सत्यतालाई र जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लम लिएर आएका थिए

सबैलाई उस्तै जान्दथे जसरी आफ्ना सन्तानलाई जान्दथे, तर उनीहरूले सत्यलाई जानी जानी लुकाउँथे, र यसको उद्देश्य र कारण मात्र उनीहरूको संसारिक र तुच्छ स्वार्थ थियो, र यसै रोगले नै कुरैशका अधिकांश नायकहरूलाई पनि इस्लामबाट रोकेको थियो, जस्तोकि उनीहरूको कथा र जीवनीद्वारा प्रष्ट हुन्छ, र यस रोगको प्रमुख स्रोत र जरा अहंकार र अभिमान नै हो जुन अहंकारीलाई सत्यलाई मान्नुबाट रोकिदिन्छ। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ سَأَصۡرِفُ عَنۡ ءَايَٰتِيَ ٱلَّذِينَ يَتَكَبَّرُونَ فِي ٱلۡأَرۡضِ بِغَيۡرِ ٱلۡحَقِّ ﴾

الأعراف: ١٤٦

अर्थ : म यस्ता मानिसहरूलाई आफ्ना निशानीहरूबाट विमुख नै राख्नेछु जो पृथ्वीमा घमण्ड गर्दछन्, जसको तिनीलाई कुनै अधिकार छैन। ( सूरतुल् अअ्राफ १४६ )

त अहंकार जसको अर्थ हो: सत्यलाई नमान्नु त्यसबाट मुख फर्काउनु र सृष्टिलाई अवहेलित ठान्नु, त यसले अर्थात अहंकारले कतिपय मानिसहरूलाई सत्यलाई मान्नु र त्यसको अनुशरण गर्नुबाट रोकिदियो जबकि सत्यता प्रमाणित भइसकेको थियो। अल्लाहको फर्मान छ :

﴿ وَجَحَدُواْ بِهَا وَٱسۡتَيۡقَنَتۡهَآ أَنفُسُهُمۡ ظُلۡمٗا وَعُلُوّٗاۚ فَٱنظُرۡ كَيۡفَ كَانَ عَٰقِبَةُ ٱلۡمُفۡسِدِينَ ١٤ ﴾ النمل: ١٤

अर्थ : उनीहरूले अत्याचार र घमण्डको कारण इन्कार गरे जबकि उनीका हृदयले विश्वास गरीसकेका थिए। तसर्थ हेर्नुस् कि ती उपद्रव गर्नेहरूको परिणाम के भयो ? ( सूरतुन्नमल १४ )

र ईमान एवं आस्थाबाट रोक्ने माध्यम र कारण मध्ये श्रव्य प्रमाण र मनीषीय प्रमाणबाट मुख फर्काउनु पनि हो जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَن يَعْشُ عَن ذِكْرِ ٱلرَّحْمَٰنِ نُقَيِّضْ لَهُۥ شَيْطَٰنًا فَهُوَ لَهُۥ قَرِينٌ ﴿٣٦﴾ وَإِنَّهُمْ لَيَصُدُّونَهُمْ عَنِ ٱلسَّبِيلِ وَيَحْسَبُونَ أَنَّهُم مُّهْتَدُونَ ﴿٣٧﴾ ﴾ الزخرف: ٣٦ - ٣٧

अर्थ : र जुन मानिस अल्लाहको स्मरणबाट आँखा चिम्लन्छ, हामीले उसको निम्ति एउटा शैतान नियुक्त गरिदिन्छौं, अनि उही उसको साथी हुन्छ । र यीनिहरूले उनलाई मार्गबाट रोक्छन् र उनीहरूले ठान्दछन् कि सही मार्गमा छन् । ( सूरतुज्जुखरुफ ३६,३७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَقَالُواْ لَوْ كُنَّا نَسْمَعُ أَوْ نَعْقِلُ مَا كُنَّا فِىٓ أَصْحَٰبِ ٱلسَّعِيرِ ﴿١٠﴾ ﴾ الملك: ١٠

अर्थ : र भन्नेछन् : यदि हामीले सुन्ने र बुझ्ने भएको भए नर्कीयहरू मध्येका हुने थिएनौं । ( सूरतुल् मुल्क १० )

त यिनी मानिसहरू पनि यिनै जस्ता थिए जुन यो स्वीकार गरे कि हामीहरूले रसूलहरूका निर्देशनहरूलाई र जुन उनीहरूसित लाभदायक ज्ञान थियो त्यसलाई नत सुन्थें नत त्यसमा विचार गर्थें नत शुद्ध मनीषद्वारा सत्यलाई पाउने प्रयासमा हुन्थें, बरु उनीहरूको आफ्नै दृष्टिकोण र विचारधाराहरू थिए जुन वास्तवमा असत्यमा निर्भर थिए, तर त्यसलाई सत्य र मनीषीय ज्ञान मानेर अनुशरण गर्थे जबकि त्यो वास्तवमा अनभिज्ञता थियो, र उनीहरूले आफ्ना नायकहरूको पनि अनुशरण गर्थे जिनले उनीहरूलाई सत्यलाई अङ्गीकार गर्नुबाट रोकिदिन्थे, अनि परिणाम स्वरूप नर्कका अधिकारी भए त नर्क अहंकारीहरूको लागि कति नराम्रो बासस्थान हो ।

र यस्तै सत्यतालाई नमान्ने कारण र माध्यमहरू मध्ये सत्यता प्रष्ट भए पश्चात पनि त्यसबाट मुख फर्काउनु पनि हो, त जब भक्त यस्तो गर्छ त त्यसको हृदयलाई उल्टो गरेर त्यसलाई दण्डित गरिन्छ अनि त्यो राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो हेर्नथाल्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَلَمَّا زَاغُوٓاْ أَزَاغَ ٱللَّهُ قُلُوبَهُمۡۚ ﴾ الصف: ٥

अर्थ : अनि जब उनीहरूले बाङ्गोपना अपनाए त अल्लाहले पनि उनको हृदयलाई बढी बाङ्गो बनाइदियो । ( सूरतुस्सफ्फ ५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَنُقَلِّبُ أَفۡـِٔدَتَهُمۡ وَأَبۡصَٰرَهُمۡ كَمَا لَمۡ يُؤۡمِنُواْ بِهِۦٓ أَوَّلَ مَرَّةٖ وَنَذَرُهُمۡ فِي طُغۡيَٰنِهِمۡ يَعۡمَهُونَ ١١٠ ﴾ الأنعام: ١١٠

अर्थ : र हामीले पनि तिनका हृदय र आँखाहरूलाई फेरिदिन्छौं जस्तो कि यिनीहरू यस (कुरआन) मा पहिलो पटक ईमान ल्याएनन् । र तिनलाई छोडिदिने छौं, ताकि आफ्ना अट्टेरिपनामा भौतारी राखुन् । ( सूरतुल् अन्आम ११० )

र यो दण्ड यसकारण दिइन्छ किनकि दण्ड कर्मकै थरीबाट हुनुपर्छ, तसर्थ अल्लाह उनीहरूको सहायक त्यसलाई बनाइदिन्छ जुन उनीहरू स्वयम् आफ्नो बारेमा भन्थे, अल्लाहको फर्मान छ :

﴿ إِنَّهُمُ ٱتَّخَذُواْ ٱلشَّيَٰطِينَ أَوۡلِيَآءَ مِن دُونِ ٱللَّهِ ﴾ الأعراف: ٣٠

अर्थ : (किनकी) यिनीहरूले अल्लाहलाई छाडी शैतानलाई आफ्नो मित्र बनाए । ( सूरतुल् अअ्राफ ३० )

र यस्तै ईमानबाट रोक्ने माध्यमहरू मध्ये अनुकम्पामा मस्त र मग्न रहनु र फजूलखर्ची गर्नु पनि हो, किनकि अपव्यय गर्च गर्नाले मान्छे आफ्नो हानिकारक वासना र हवसको अनुशरणकारी भइहाल्छ जस्तोकि यसलाई अल्लाहले विभिन्न श्लोकहरूमा वर्णन गरेको छ उदाहरणको लागि एक दुई श्लोकलाई तपाई पनि हेर्नुस्:

﴿ بَلۡ مَتَّعۡنَا هَٰٓؤُلَآءِ وَءَابَآءَهُمۡ حَتَّىٰ طَالَ عَلَيۡهِمُ ٱلۡعُمُرُۗ ﴾ الأنبياء: ٤٤

अर्थ : बरु (कुरो यो छ कि) हामीले उनीहरूलाई र उनीहरूका बाबु बाजेलाई जीवनका सुख सुविधाका सामाग्री प्रदान गऱ्यौं, यहाँसम्म कि उनीहरूको लामो उमेर बितिहाल्यो । ( सूरतुल् अम्बिया ४४ )

﴿ إِنَّهُمْ كَانُوا۟ قَبْلَ ذَٰلِكَ مُتْرَفِينَ ﴿٤٥﴾ ﴾ الواقعة: ٤٥

अर्थ : निःसंदेह उनीहरू यसभन्दा पहिला धेरै सुख सुविधामा थिए। ( सूरतुल् वाकिअः ४५ )

तसर्थ जब उनीहरू समक्ष सत्यधर्महरू आए जुन निसाफको साथ उनीहरूको मस्तीलाई सीमांकित गऱ्यो, तसर्थ जुन लाभदायक थियो त्यसलाई जायज (ग्राह्य) र जुन हानिकारक हुन्थ्यो त्यस मस्तीलाई वर्जित गऱ्यो, त उनीहरूले यसलाई आफ्नो मौज मस्तीको मार्गमा अड्कन र बाध्यता ठाने, र हवस पूजारीहरू आफ्नो वासना पूजालाई जायज ठहराउनुको लागि प्रत्येक साधनद्वारा बलपूर्वक प्रयत्नशील रहन्छन् । त जब यस्तो धर्म उनीहरूको पासमा आयो जुन उनीमाथि यो अनिवार्य गऱ्यो कि मात्र अल्लाहको पूजामा दृढ रहुन्, र त्यसले गरेको अनुकम्पामाथि कृतज्ञता प्रकट गरुन्, र हवसपूजाबाट बाहिर निस्कुन्, त उनीहरूले यसबाट मुख फर्काए र यसलाई अस्वीकृत गरिहाले ।

र ईमानबाट रोक्ने माध्यमहरू मध्ये सन्देष्टाहरूलाई झुठ्लाउनु र सन्देष्टा एवं सन्देष्टाका अनुयायीहरूलाई घृणित ठान्नु पनि हो, र उनीहरूको यो सिद्धान्त पनि कि यिनीहरू (सनदेष्टा र तिनका अनुयायीहरू) बुद्धिहीन छन्, अल्लाहको फर्मान छ :

﴿ فَقَالَ ٱلْمَلَأُ ٱلَّذِينَ كَفَرُوا۟ مِن قَوْمِهِۦ مَا نَرَىٰكَ إِلَّا بَشَرًا مِّثْلَنَا وَمَا نَرَىٰكَ ٱتَّبَعَكَ إِلَّا ٱلَّذِينَ هُمْ أَرَاذِلُنَا بَادِىَ ٱلرَّأْىِ وَمَا نَرَىٰ لَكُمْ عَلَيْنَا مِن فَضْلٍۭ ﴾ هود: ٢٧

अर्थ : अनि उनको समुदायका काफिरहरूको नायकहरूले भन्न थालेः कि हामीले तिमीलाई आफू जस्तै एउटा मानिसको रूपमा देख्छौं र यो पनि देख्छौं कि तिम्रा अनुयायीहरू तल्लो श्रेणीका मानिसहरू बाहेक कोही छैन जसले नजानी बुझीकन् तिम्रो अनुयायी भएका छन् । हामीले त हामीहरू भन्दा तिमीमा केही बढी विशेषता देखेका छैनौं । ( सूरतु हूद २७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ قَالُوٓاْ أَنُؤۡمِنُ لَكَ وَٱتَّبَعَكَ ٱلۡأَرۡذَلُونَ ١١١ ﴾ الشعراء: ١١١

अर्थ : उनीहरूले भनेः कि के हामी तिम्रा भनाई मानौं जबकि तिम्रा मान्नेहरू अत्यन्तै नीच हुन् । ( सूरतुश्शुअ्रा १११ )

र यस रोगको पनि मुख्य कारण र स्रोत अभिमान नै हो, किनकि जब मान्छे अहंकारी भयो र अरुलाई आफूभन्दा घृणित ठान्यो त त्यो त्यस सत्यलाई कबूल गर्दैन जुन त्यस समक्ष विद्यमान छ चाहे त्यसको हृदय यो किन नमानिहालोस् कि जुन स्रोतद्वारा यो सत्य आएको छ त्यो निःसन्देह असत्य हुनैसक्दैन जस्तोकि अल्लाहको फर्मान छ :

﴿ كَذَٰلِكَ حَقَّتۡ كَلِمَتُ رَبِّكَ عَلَى ٱلَّذِينَ فَسَقُوٓاْ أَنَّهُمۡ لَا يُؤۡمِنُونَ ٣٣ ﴾ يونس: ٣٣

अर्थ : यस प्रकार अल्लाहका यी शब्दहरू उल्लंघनकारीहरू माथि प्रमाणित भइसकेको छ, कि उनीहरू ईमान ल्याउने छैनन् । ( सूरतु यूनुस ३३ )

त फिस्क (उल्लंघनकारी) जुन यस श्लोकमा वर्णित छ त्यसको अर्थ होः भक्तको अल्लाहको अनुशरणबाट विमुख भई शैतानको अनुशरण गर्नु । त जब मान्छेको हृदय यस तुच्छ विशेषतासित विशेषित होस् त त्यो सत्यलाई कसरी कबूल गर्नसक्छर ? त जब मान्छेको यो अवस्था भइहाल्छ त अल्लाह पनि त्यसलाई सुमार्ग देखाउँदैन बरु त्यसैमा भ्रमित गराइदिन्छ अनि त्यो त्यसैमा उन्मादी भएर भौतरी रहन्छ, अनि त्यसका समस्त क्रियाकलापहरू विद्रोही र फसादी भइहाल्छन्, यसर्थ फिस्क त्यसलाई दिग्भ्रमित गरेर सत्यलाई अङ्गीकार गर्नुबाट रोकिदिन्छ, किनकि हृदय पहिला नै अल्लाहको अनुशरणबाट निस्केर शैतानको पैरवी गरिहाल्छ , अल्लाहको फर्मान छ :

﴿ وَمِنَ ٱلنَّاسِ مَن يُجَٰدِلُ فِي ٱللَّهِ بِغَيۡرِ عِلۡمٖ وَيَتَّبِعُ كُلَّ شَيۡطَٰنٖ مَّرِيدٖ ٣ كُتِبَ عَلَيۡهِ أَنَّهُۥ مَن تَوَلَّاهُ فَأَنَّهُۥ يُضِلُّهُۥ وَيَهۡدِيهِ إِلَىٰ عَذَابِ ٱلسَّعِيرِ ٤ ﴾ الحج: ٣ - ٤

अर्थ : केही मानिसहरूले अल्लाहको विषयमा ज्ञान न भए पनि कुरो बनाउँछन् र अवज्ञाकारी शैतानको अनुशरण गर्दछन् । त्यसको लागि अल्लाको फैसला लेखिसकिएको छ कि जसले ऊसँग (शैतानसँग) मित्रताको सम्बन्ध राख्नेछ त्यसलाई उसले पथभ्रष्ट गरेर नै छाड्नेछ र त्यसलाई उसले दन्कीराखेको आगोको यातनातिर लैजानेछ । ( सूरतुल् हज्ज ३, ४ )

र ईमानलाई अस्वीकृत गर्ने सर्वोत्कृष्ट कारणहरू मध्ये ज्ञान र सत्यतालाई संकुचित सीमामा सीमारहित गरिदिनु पनि हो, जस्तोकि भौतिकवादी नास्तिकहरूले गरे, कि उनीहरूले ज्ञानलाई बुद्धिको सीमाद्वारा सीमांकन गरिदिए, तसर्थ जसको उनीहरूलाई विवेकद्वारा ज्ञान भयो त्यसलाई साबित गरे र जसलाई विवेकद्वारा जान्न सकेनन् त्यसको इन्कारी भए, चाहे त्यो प्रत्यक्ष र विशाल प्रमाणहरूद्वारा प्रमाणित किन नभएको होस् जुन मनीषीय प्रमाणभन्दा स्पष्ट पनि होस्, त यस द्रोहीय दृष्टिकोणद्वारा धेरै सृष्टिहरू पथविचलित भए, र यसै घृणित तरिकाको सहायताले उनीहरूले प्रतिपालकको अस्तित्वको इन्कारी भए, र सन्देष्टाहरूको इन्कार गरे, र इन्कार गरे ती समस्त अदृश्य कुराहरूको जसको खबर सन्देष्टाहरूले दिए र जसमाथि विभिन्न प्रमाणहरू पनि प्रस्तुत गरे, बरु त्यसलाई प्रत्यक्ष अप्रत्यक्ष समस्त प्रमाणहरूले प्रमाणीकरण गरे, र यो सबैलाई थाहा छ कि जति प्रमाणहरू स्रष्टाको अस्तित्व र त्यसको एकत्व र स्वामित्वमाथि प्रमाणीकरण गरे त्यसको मुकाबिलामा बरु त्यसको नजिक पनि ती प्रमाणहरू पुग्न सक्दैनन् जुन यिनीहरूले विवेकद्वारा प्रमाणित गरेका छन् । तसर्थ अल्लाहको अस्तित्व र एकत्व एवं स्वामित्वमाथि श्रव्य र मनीषीय एवं दर्शनीय र प्रकृतिक प्रमाणहरूद्वारा प्रमाणित छन् ।

र अल्लाहले आफ्नो थितिज सम्म आफ्नो निशानीहरूको माध्यमले यसकुरालाई समस्त मानवजाति समक्ष प्रमाणित गरिदिएको छ, र यो प्रमाणित र स्पष्ट गरिदिएको छ कि त्यो सत्य हो, र त्यसका सन्देष्टाहरू सत्यवान छन्, र त्यसले वर्णित गरेका समस्त कुराहरू सत्य छन्, र त्यसको प्रतिफल र दण्ड सत्य हो, र त्यसको धर्म सत्य हो । र के सत्यको मुकाबिलामा र त्यसपछि पथभ्रष्टता छैनर ? तर भौतिकवादीहरूलाई उनीहरूको अहंकारले यसलाई कबूल गर्नुबाट रोक्यो तर यस बाहेक कतै पनि सफलता प्राप्त हुँदैन ।

तर बुद्धिमान आस्थावान मान्छे आफ्नो बुद्धिको प्रकाशले यो थाहा पायो कि यिनीहरू पथभ्रमित छन् र अन्धोपनामा ग्रस्त छन्, तसर्थ समस्त प्रशंसा अल्लाहकै लागि छ जसले हामीलाई मार्गदर्शन गऱ्यो ।

र यस्तै आस्थाबाट रोक्ने तथ्यहरू मध्ये भौतिकवादी र उनीहरूका अनुशरणकारीहरूको यो कथन पनि हो कि मानव वर्तमानकाल भन्दा पहिला परिपक्व र परिपूर्ण बुद्धिसम्म पुगेको थिएन बरु पूर्ण मनीषसम्म वर्तमानकाल जसमा भौतिकवादले उपद्रव मचाएको छ त्यसैमा मात्र पुगेको छ, तर यो यस्तो सोच र कथन हो जुन विगतका समस्त विद्हरूको अवहेलना गर्छ र सत्यतामाथि आवरण हाल्दछ, र जससित अति थोरै बुद्धि पनि छ त्यसलाई पनि यस विचारको वास्तविकता थाहा भइहाल्छ, र यसको असत्य हुनुमा त्यसलाई पनि कुनै असमंजस रहदैन । तर यदि यिनीहरू भन्छन् कि: यसै भौतिकवादकालमा परमाणु यन्त्रहरू र अरु विभिन्न श्रेत्रमा प्रगति भएको छ, त उनीहरूको यस कथनको समर्थन सबै गर्छन्, तर उनीहरूको यो कथन कि उनीहरूभन्दा पहिला कुनै पनि मानिस बुद्धिमान थिएन बरु सबै बुद्धिहीन थिए र कुनै ज्ञान सही र पूर्ण थिएन, त यो उनीहरूको मूर्खता र सर्वोत्कृष्ट झूठ हो, किनकि परिपूर्ण मनीष र ज्ञानको आंकलन र कसौटी त्यसका परिणाम र प्रभावद्वारा गरिन्छ, अर्थात प्रभाव र परिणाम नै त्यो कसौटी हो जसद्वारा पूर्ण अपूर्ण सिद्ध गर्न सकिन्छ । तसर्थ तिमी हेर त्यो परिपूर्णता र सर्वोच्चतालाई जुन ती सिद्धान्त, शिष्टाचार, धर्म दया र तत्वदर्शितामा छन् जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम लिएर आए, र उहाँबाट त्यसलाई समस्त मुसलमानहरूले ग्रहण गरे र

जस बमोजिम कार्य गरेर उनीहरू धन्य भए, र त्यसले उनीहरूलाई लौकिक र परलौकिक सफलता र समृद्धि एवं शान्ति प्रदान गऱ्यो, र जसले उनीहरू समक्ष समस्त समूहहरूलाई नतमस्तक गराएदियो र उनीहरू यस्तो परिपूर्णतासम्म पुगे जससम्म पुग्नु मान्छेलाई तबसम्म सम्भव छैन जबसम्म तिनीहरूको पद्धतिमा नहिंडोस् । फेरि तपाई भौतिकवादीहरूमाथि पनि दृष्टि हाल्नुस् कि उनीहरूका आचरणहरू कता पुगेका छन् जिनले हवस पूर्तिमा यति मस्त भए कि त्यसको कुनै सीमा नै रहेन बरु उनीहरूको चरित्रहीनता घृणितभन्दा घृणित स्तरसम्म पुग्यो र यदि भौतिकवादको पैसाको सहारा नभएको भए उनीहरू अहिलेसम्म नष्ट भइसकेका हुन्थे । अल्लाहको फर्मान छ :

﴿ وَلَا تَحۡسَبَنَّ ٱللَّهَ غَٰفِلًا عَمَّا يَعۡمَلُ ٱلظَّٰلِمُونَۚ ﴾

إبراهيم: ٤٢

अर्थ : अन्यायकारीहरूको क्रियाकलापबाट अल्लाहलाई अन्जान नसम्झ । ( सूरतु इब्राहीम ४२ )

र यदि सम्मानित समूहहरूमा धर्मका केही शिष्टाचार र निर्देशनहरूको अवशेष जसमाथि उनीहरूको संसारिक जीवन टिकेको छ नभएको भए भौतिकवादीहरूको कुनै मूल्य बाँकी नै रहने थिएन, किनकि जसले पनि धर्मलाई गुमाए तिनीहरू सन्तुष्टि र समृद्धि एवं प्रशान्तिबाट वंचित भए, र जसले यसलाई हेरको छ त्यसको लागि यो प्रमाणको लागि प्रयाप्त छ ।

र अरबका बहुदेववादीहरू र जुन तिनै जस्ता अरु मानिसहरू थिए जससित ईमानका केही अवशेष बाँकी थियो र केही वैधानिक र सर्वमान्य कुराहरू पनि बाँकी थिए जसरी प्रतिपालकलाई एक मान्नु, र त्यसको दण्ड एवं प्रतिफलमाथि आस्था राख्नु ... आदि त यिनीहरू नि:सन्देह ती नास्तिकहरूभन्दा राम्रो स्थितिमा थिए जुन प्रतिपालकको इन्कारी छन् ।

र प्रकृतिक र स्वभाविक तौरले सबैलाई यो ज्ञान हुन्छ कि सन्देष्टाहरू अल्लाहको प्रकाशना र सुमार्गको आह्वान लिएर आएका हुन्, र यस्तो प्रकाश र ज्ञान लिएर आए जुन प्रत्येक दृष्टिले भलाई र हितकर नै थियो, र यसकुरालाई शुद्ध मनीषीहरूले मानेको पनि छन्, र

यो पनि थाहा पाए कि उनीहरू यसका मुखापेक्षी पनि छन्, अनि त्यसको अनुशरण गरे र त्यसलाई नतमस्तक भए, र यो जाने कि यदि पूर्ण संसार अर्थात पहिलादेखि प्रलयसमम जन्मिने जीवधारीहरू एकजुट भएर त्यस्तो कुरा ल्याउन खोजुन जस्तो सन्देष्टाहरूले लिएर आए त यस्तो गर्न सक्दैनन्, र यदि जुन लाभदायक ज्ञान र कुराहरू सन्देष्टाहरू ल्याएका छन् त्यो नभएको भए सबै पथभ्रमित रहन्थे, र आफ्नो अन्धोपनाबाट ग्रस्त भएर दुःख भोग्थे र विनष्ट भइहाल्थे । अल्लाहको फर्मान छ :

﴿لَقَدْ مَنَّ ٱللَّهُ عَلَى ٱلْمُؤْمِنِينَ إِذْ بَعَثَ فِيهِمْ رَسُولًا مِّنْ أَنفُسِهِمْ يَتْلُوا۟ عَلَيْهِمْ ءَايَٰتِهِۦ وَيُزَكِّيهِمْ وَيُعَلِّمُهُمُ ٱلْكِتَٰبَ وَٱلْحِكْمَةَ وَإِن كَانُوا۟ مِن قَبْلُ لَفِى ضَلَٰلٍ مُّبِينٍ ﴿١٦٤﴾﴾ آل عمران: ١٦٤

अर्थ : निःसंदेह अल्लाहको मोमिनहरूमाथि ठूलो अनुकम्पा छ कि उसले तिनीहरूको माझमा तिनीहरू मध्येबाटै एउटा रसूल पठायो जसले कि अल्लाहका आयतहरू पढेर उनीहरूलाई सुनाउँदछ र तिनलाई पवित्र गर्दछ र उनलाई किताब र बुद्धिमत्ता सिकाउँदछ, यिनीहरू यसभन्दा पहिला खुला रूपमा पथबिचलित थिए । ( सूरतु आले इम्रान १६४ )

त मनीष र विवेक तबसम्म परिपूर्ण र परिपक्व हुन्सक्दैन र सही मार्ग पाउन सक्दैन जबसम्म रसूलहरूले ल्याएका कुराहरूको अनुशरण नगरोस् ।

तसर्थ भौतिकवादीहरू अरुलाई राम्रा राम्रा कुरा र लालसा एवं मिठो शब्दहरूद्वारा सत्यबाट र सही ज्ञानबाट पथभ्रमित गर्छन्, किनकि उनीहरू धार्मिक ज्ञान र त्यसका सर्वोच्च शिष्टाचारहरूलाई संशोधनरहित मान्दछन्, र भौतिकवादीय ज्ञानलाई सभ्यता, संस्कृति र नवीकरणको नाम दिन्छन्, र शुद्ध मनीषीलाई भलिभाँति यो थाहा हुन्छ कि समस्त संस्कृति र नवीकरणयुक्त सभ्यता धार्मिक हुन्सक्दैनन् नत धर्मको निर्देशन अनुकूल नै हुन्सक्छन् बरु यो त प्रत्यक्ष विनाश हो ।

र यदि कोही पनि भौतिकवादीहरूको संस्कृतिमाथि विचार गरोस् जसलाई उनीहरू सभ्यता र संस्कृतिको नाम दिएका छन् कि त्यो कस्तो नीचताको कार्य हो जसमा कुनै लाभ छैन बरु त्यसमा मात्र हानि नै हानि छ, त जसले पनि यस्ता खालका घृणित र अनैतिक संस्कृतिहरूलाई त्यागेर राम्रो संस्कृतिलाई अपनाउँछ त्यसलाई यो आभास हुन्छ कि राम्रो संस्कृति त त्यो नै हो जसलाई सन्देष्टाहरू लिएर आए, र त्यो ज्ञान नै मनीषको लागि उपयुक्त छ जसलाई लिएर सन्देष्टाहरू आए । र त्यो नै सराहनीय शिष्टाचार र समस्त प्रकारको हितकर कुराहरूबाट सुसज्जित थियो । तसर्थ त्यो मान्छे यस लाभदायक कुराहरूबाट आफूलाई सुसज्जित गर्छ र भौतिकवादीय सही र लाभदायक ज्ञानबाट पनि, किनकि इस्लामले दुवैलाई ग्रहण गर्नुतर्फ प्रोत्साहित गरेको छ, र यो आदेश गरेको छ कि संसारिक र परलौकिक दुवैको भलाईबाट लाभान्वित होऊ ।

र यदि कोही पनि ती कुराहरूमाथि विचार गरोस् जसलाई इस्लामले पवित्र कुरआन र हदीसहरूभित्र संक्षिप्त र विस्तृत तरिकाले वर्णन गरेको छ त त्यसलाई यो थाहा भइहाल्छ कि मानव जगतको भलाई र कल्याण केवल यसैमा नीहित छ कि त्यो धर्मानुसार अल्लाहको आज्ञापालन गरोस्, र त्यसको मार्गमा हिंडोस् । त इस्लाम धर्म जसरी मान्छेको सिद्धान्त, आचरण र कार्यलाई शुद्ध पारिदिन्छ उस्तै त्यसका संसारिक समस्याहरूलाई पनि शुद्ध पारिदिन्छ, र त्यसलाई त्यो मार्गतर्फ मार्गदर्शित गर्छ जसमा हिंडेर सबैको हित सुनिश्चित होस् र सबै सफलता प्राप्त भइहालुन् ।

र अल्लाह नै तौफीक दिनेवाला मार्गदर्शन गर्नेवाला छ, र अल्लाहको प्रशान्ति अवतरित होस् हाम्रो नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि ।

## समाप्त

**<u>अनुवादक</u>**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

## विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रक्कथन | **3** |
| 2 | प्रस्तावना | **5** |
| 3 | मूल किताब | **6-41** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |